# परिच्छेद - एक

## परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

नेपाल विश्व मानचित्रमा दक्षिण एसियामा हिमालयको काखमा अवस्थित एक सानो भूपरिवेष्ठित राष्ट्र हो । यो २६° उत्तरी अक्षांशदेखि ३०° उत्तरी अक्षांश र ८०° पूर्वी देशान्तरदेखि ८८° पूर्वी देशान्तरसम्म फैलिएको छ । वि.सं.२०६८ सालको जनगणना अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ (राष्ट्रिय जनगणना, २०६८ को प्रतिवेदन) । नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ । नेपाललाई वर्तमान संविधान अनुसार ७ वटा प्रदेशमा विभाजन गरिएको छ (नेपालको संविधान, २०७२:२४०) ।

नेपाल एक बहुभाषिक, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो । नेपालमा १२५ जातजातिको बसोबास छ जसमध्ये ५९ जातिलाई आदिबासी जनजातिको पहिचान दिईएको छ । जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचान, भाषा, धर्म र रीतिरिवाज, लिखित वा अलिखित इतिहास भएको परम्परागत सामाजिक संरचनामा आधारित नेपालका आदिबासी या मूलबासी भएका र हामी भन्ने भावना भएका, राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका र आफूलाई जनजाति भनी दाबी गर्ने समुदाय हुन् भनी परिभाषित गरेका छ (जनजाति उत्थान प्रतिष्ठान कार्यदल २०५३) ।

विक्रमको २० औं शताब्दीको पूर्वार्द्धबाट निकटवर्ती जिल्ला र गाउँबाट मात्र होइन मुलुकका विभिन्न ठाउँबाट समेत पोखरा भित्रने प्रक्रिया बढ्दो छ । तीव्र गतिको

बसाईसराईंका कारण पोखरेली समाजले धेरै प्रकारका जाति, भाषा, धर्म, सम्प्रदाय, पेशा, व्यवसायसँग अन्तरघुलन हुने अवसर प्राप्त गऱ्यो । ईस्वीको १९८० को दशकपछि अझ ठोस रुपमा खुल्लापन र उदारीकरणको युग आरम्भ भएपछि पोखराको सामाजिक संरचना व्यापक परिवर्तन हुन थालेको छ (पराजुली, २०७१) । यसले गर्दा हरेक जातिहरुको आफ्नो परम्परागत संस्कार र संस्कृति पोखराको परिवेशमा पश्चिमी संस्कृतिसँग अन्तरघुलन भएको छ । जसले गर्दा भाषा-संस्कृतिहरु पनि परिवर्तन हुँदै आएका छन् ।

नेपालमा ५९ प्रकारका जनजाति मध्ये एउटा जाति मगर हो । नेपालको जनसंख्याको आधारमा मगरहरु तेस्रो र आदिबासी जनजातिहरुमध्ये पहिलो स्थानमा पर्दछन् । नेपालमा मगरको जनसंख्या १८ लाख ८ हजार ७ सय ३३ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) ।  नेपालमा मगरहरु जुनसुकै भागमा रहेतापनि यिनीहरुको आफ्नै किसिमको भाषा, धर्म, संस्कृति, रीतिरिवाज र रहनसहनले छुट्टै पहिचान राखेको छ । नेपालको वर्तमान संविधान अनुसार विभाजन गरिएका ७ प्रदेशमध्ये प्रदेश नं. ४ अर्थात् गण्डकी प्रदेश पनि एक महत्त्वपूर्ण प्रदेश हो । विविध प्राकृतिक तथा सांस्कृतिक विविधताले भरिएको यस प्रदेशको प्रमुख केन्द्र पोखरा हो । पोखरा क्षेत्रमा बस्ने पुन मगरहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको बारेमा यहाँ चर्चा गर्न लागिएको छ । देशभर छरिएर रहेका मगर जातिहरुका विभिन्न उप-समूहहरुमा रहेका एक समुदाय पुन मगरहरु पनि हुन् जसको घना बस्ती रहेको मूख्य कालिगण्डकीको सेरोफेरो म्याग्दी, पर्वत र बाग्लुङ जिल्ला हो ।

'पुन' मगर जातिको एउटा थर मानिन्छ (पुन, २०६७:२) । यिनीहरुको मूल थलो धौलागिरि अञ्चलको पहाडी क्षेत्र भएपनि हाल आएर पेशा, व्यवसाय, अवसर, आय आर्जन, अध्ययन लगायतका क्रियाकलापमा संलग्न हुने क्रममा नेपालका विभिन्न भागमा छरिएर बसोबास गर्न पुगेका छन् । यसै शिलशिलामा कास्की जिल्ला मात्र होइन गण्डकी प्रदेशको सदरमुकाम रहेको पोखरामा पनि यिनीहरुको बसाई उल्लेख्य पाइन्छ । पोखराका

फुलबारी, नदीपुर, अर्चलबोट, दीप, रामबजार लगायत क्षेत्रमा म्याग्दी, वाग्लुङबाट आएका पुन मगरहरुको समूहगत बसाई देख्न सकिन्छ । त्यस क्रममा अर्चलबोट तथा नदीपुर क्षेत्रमा बस्ने पुन मगरहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा आधारित रहेर यस अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

अन्य मगरहरुमा भन्दा पुनमगरहरुका केही फरक जीवन संस्कार विद्यमान रहेको पाइन्छ । यहाँ उनीहरुको संस्कारका रीतिरिवाजहरु सँगसँगै लोकसंस्कृतिका पाटाहरुको पनि चर्चा गर्ने प्रयास गरिएको छ । यस शोध कार्यमा अध्ययनको केन्द्रविन्दु रहेको पोखराका अर्चलबोटमा धौलागिरि अञ्चलको प्रायः म्याग्दी, पर्वत र बाग्लुङबाट बसाइँसरी आएका पुन मगरहरु रहेका छन् ।

मगरहरुको आर्थिक अवस्था खास गरी कृषिमा आधारित हो । तर पछिल्ला दिनहरुमा आएर प्रायः पुनमगरहरु भारतीय र ब्रिटिश सेनामा कार्यरत रहेको पाइन्छ । यस शोधपत्रमा पोखरामा बसोबास गर्ने पुनमगरहरुको सामाजिक-सांस्कृतिक पक्षमा आएका परिवर्तनलाई केलाउनको साथै उनीहरुको आर्थिक स्थितिको पनि अध्ययन गरिएको छ ।

## १.२. समस्याको कथन

जीविकाको शिलशिलामा अनेक कारणहरुले गर्दा मानिसहरु सधैँ आफ्नो थातथलोमा रहन सक्दैनन् । अवसर र सुविधाको खोजीमा उनीहरु विभिन्न ठाउँमा बसोबास गर्न पुग्छन् । गण्डकी प्रदेशका सबै ठाउँहरुबाट पायक पर्ने आधुनिक सुविधाहरु सहित विकसित हुँदै गरेको पोखरा शहर धौलागिरीका पुनमगरहरुको लागि पनि उपयुक्त बसोबासको थलो बन्न पुगेको छ । किनभने भौगोलिक हिसाबले उनीहरुलाई पोखरा पायक पर्ने ठाउँ हो । पोखरा यस क्षेत्रका सबै मानिसहरुको

बसोबासको उपयुक्त क्षेत्र भएकाले यहाँ बहुजातीय संस्कृति हुर्किरहेको पाइन्छ । अर्कोतिर यहाँ विश्व व्यापीकरणको प्रभाव पनि उत्तिकै छ । तसर्थ कुनै पनि जाति र संस्कृति मूल थलोमा जत्तिकै जीवन्त रहिरहन नयाँ ठाउँमा सम्भव छैन । पुनमगरहरुको स्थिति पनि त्यस्तै हो र उनीहरुका संस्कार र संस्कृतिमा स्वभावैले बाहिरी प्रभाव परेको छ । एकातिर उनीहरुको मूल संस्कृति प्राप्त गर्नु एउटा समस्या हो भने अर्कोतिर अधिकांश चेतनशील, जागरुक र शिक्षित मानिसहरु विदेश पलायन हुने बाध्यताको कारण आफ्नो संस्कृति बचाउने र अनुसन्धानकर्ताहरुलाई सम्प्रेषण गर्न सक्ने व्यक्तिको पनि अभाव रहेको देखिन्छ । मूलतः निम्न रुपमा प्राप्त यस अध्ययनको समस्याकथन रहेको छ ।

१. पुन मगरहरु के कारणले पोखरामा बसाइँसराइ गरे ?

२. पुन मगरहरुको पहिलेको सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्था कस्तो थियो ?

३. पुन मगरहरुको पहिलेको सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थामा आएका परिवर्तनहरु कस्ता रहेका छन् ?

यिनै समस्याहरुका बारेमा अध्ययन गर्नु नै यस अध्ययनको समस्याकथन हो ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरु रहेका छन् ।

क) नेपाली समाजमा पुनमगरहरुको परिचय दिनु ।

ख) पोखरा अर्चलबोटका पुनमगरहरुको आर्थिक, सामाजिक-सांस्कृतिक क्रियाकलापका  बारेमा विश्लेषण गर्नु ।

ग) पुनमगरहरुको मूल थलोबाट बसाइँ सराईसँगै आएका परिवर्तनको बारेमा प्रकाश पार्नु ।

## १.४. अध्ययनको महत्त्व

बसाईसराइका कारण पुनमगरहरुका सामाजिक क्रियाकलापमा परिवर्तन आएको छ । शहरीकरण र आधुनिकीकरणले गर्दा पुनहरुको सांस्कृतिक क्रियाकलापमा प्रभाव परेको छ । परम्परागत कृषि तथा पशुपालन व्यवसायको अलावा पुनमगरका सदस्यहरुको वैदेशिक रोजगारी प्रमुख आयस्रोत भएका कारणले आम्दानीको वृद्धिसँगै नयाँ व्यापार व्यवसाय तर्फ आकर्षित हुँदै गएका छन् । शिक्षा, स्वास्थ्य तथा नयाँ अवसरको खोजी गर्नको लागि पुनमगरहरु शहरमा बसाइँ सर्दा अन्य समूहको सांस्कृतिक तथा सामाजिक क्रियाकलापमा संलग्न हुँदै आएका छन् । पश्चिमीकरणको प्रभाव उक्त समुदायमा परेकाले जीवन पद्वति तथा सांस्कृतिक क्रियाकलापमा परिवर्तन देखा परेको छ । यो समुदाय पनि नेपालको बहुल जातीय समाजको एउटा अभिन्न अङ्ग हो । अर्कोतिर आफ्नो मूल थलोबाट बसाईसरी अर्चलबोट क्षेत्रमा बसोबास गर्ने पुनमगरहरुले एक हदसम्म आफ्नो संस्कृति र परम्पराको संरक्षणमा जागरुक भएको देखिन्छ भने अर्कोतर्फ अनेकन भौगोलिक, सांस्कृतिक, सामाजिक कारणहरुले गर्दा यो मौलिकतामा केही परिवर्तनहरु देखिएका छन् । आगमन कालदेखि हालसम्म अनवरत रुपमा राष्ट्रिय अखण्डतामा विश्वास राखी नेपालको विभिन्न भागमा बसोबास गर्दै आएका पुनमगरहरुको बारेमा पनि अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ । यस्ता अध्ययन र शोधमूलक अनुसन्धानले सिङ्गो राष्ट्रिय संस्कृति निर्माणमा अझ थप टेवा पुग्ने र नेपालको सामाजिक इतिहास लेखनमा पोखरा अर्चलबोटका पुनमगरहरुको पनि थप टेवा पुग्ने आशा गरिन्छ । त्यसकारण यो शोध पत्रले ऐतिहासिक श्रोत लिनेछ र सामाजिक अध्ययनमा थप बल प्रदान गर्नेछ भन्ने विश्वास लिइएको छ ।

## १.५. अध्ययनको सीमा

अनुसन्धान अध्ययनको सीमा निर्धारण गरेर मात्र थालनी गरेमा त्यसभित्रका हरेक पक्षमा समीक्षा गर्न तथा अध्ययन गर्न सजिलो पर्दछ । सीमाभन्दा बाहिरको विषयमा अध्ययन र अनुसन्धान गर्दा मेहनत खेर जान्छ । यहाँ नेपालभरका पुनमगरको सामाजिक, सांस्कृतिक परिवर्तन बारे अध्ययन गर्न ज्यादै बृहत र साधन स्रोत तथा समयको सीमितताको कारण धौलागिरीबाट पोखरामा बसाईंसराइ गरी पोखरा महानगरपालिका वडा नं. २ मा बसोबास गरेका पुनमगरहरुको वास्तविक आधार मानी तुलनात्मक अध्ययन सहित यस शोधपत्र तयार गरिएको छ ।

## १.६. पूर्व साहित्य समीक्षा

क) मेजन पुनमगर (२०७३) ले आफ्नो पुस्तक ‘धौलागिरीमा बसोबास गर्ने पुन समुदाय एक अध्ययन’ मा मगर समाज विविधताले पूर्ण भएको समाज मानेका छन् । उनी भन्दछन्-“पुन मगर समाजको रहनसहन अन्य मगरको भन्दा केही फरक छ । एउटा खोलाको किनार र एउटा डाँडादेखि पल्लो पट्टिको गाउँमा समेत संस्कार र संस्कृतिहरु केही फरक हुन्छ भने नेपालभरि छरिएर रहेको मगरको संस्कार र संस्कृति एउटै हुन्छ भन्नु गलत हुनेछ र विविधतालाई आत्मसाथ गर्दै संरक्षण सम्वर्द्धन गर्नु भन्दा एउटै बनाउने प्रयास गर्नु पनि हाम्रो भुल हो ।” पुनमगरहरु प्रकृति पूजक रहेको र आफ्ना संस्कारहरु त्यसै अनुरुप हुने गरेको कुरा पनि उनले उल्लेख गरेका छन् । तर पुनमगरहरुको बारेमा सम्पूर्ण कुरा समेट्न खोज्दाखोज्दै पनि केही कुराहरु अझै अपुग भएको यस पुस्तकमा भेटिन्छ ।

ख) ताराबहादुर पुर्जा पुन (२०६१/०६२) ले फिमला पत्रिकामा प्रकाशित आफ्नो लेख ‘पुख्र्यौली गीत एक चर्चा’ मा म्याग्दी र पर्वतका पुनमगर जातिहरुमा प्रचलित गीतको बारेमा चर्चा उल्लेख गर्दै गीत प्रस्तुत गर्दा लय शब्द गीतको प्रक्रियालाई भन्दा पनि

मादलको तालालाई विशेष मान्यता दिँदै यसलाई विधिपूर्वक प्रस्तुत गर्नुपर्ने अन्यथा कतिपय काप्नेहरु सङ्गीतमा लट्ठिनेहरु बेहोस हुने जस्ता ख्याली सङ्गीतको शक्तिको बारेमा उल्लेख गरेका छन् । यसमा सङ्गीतको बारेमा स्पष्ट उल्लेख भएको पाइँदैन ।

ग) धर्मराज थापा (२०३०) ले 'गण्डकीका सुसेली' पुस्तकमा सोरठीलाई नृत्य गीतका रुपमा चर्चा गरेका छन् भने पूर्व, पश्चिम, तराई र लेक धेरै ठाउँमा रहेका मगर, गुरुङ, धिमाल, कुमाल र थारुहरुको कुल देवताको धार्मिक नाटकको रुपमा हरेक जातिको संस्कृतिको कुरा गर्दा पुनमगरहरुको पनि चर्चा गरेका छन् (लोक साहित्यको विवेचना २०४१) ।

घ) दिनबहादुर थापा (२०६६) ले धौलागिरि क्षेत्रका लोकगीतको पहिचानमा धौलागिरिका लोकगीतका पहिचान झाम्रे गीत सोरठी गीतलाई पर्व गीतको रुपमा चर्चा गर्दै आर्यहरुले छिटो तालको ठाडो भाका रामायण, कृष्ण चरित्र, हिन्दू धर्म अनुसार रामायण आदि भने मंगोल मूलकाहरुले लस्के भाकाको जैसिंगे राजा, (भिमाला राजा) हायमति रानी र यी दुईका छोरी र यसभित्रका पात्रहरुको जीवन र जगत कथाहरु रहने कुराहरुको चर्चा गरेका छन् ।

ङ) एम.एस.थापा मगर (२०४५) द्वारा लिखित 'प्राचीन मगर र अक्खा लिपि' मा अख्खा लिपि, धर्म, थर उपथर र उत्पति विषयमा उल्लेख गरिएको छ । प्राचीन इतिहासमा मगरहरुलाई 'मगर' नाउँले उल्लेख नगरी लिच्छवि, वृजि, विडाल, मेदेस, भाटी, कवि वा कभि, सिथयन, अफर्ति अवाटी र चिनियाँ इतिहासकारहरुले यु-ची भनी मगर जातिलाई उल्लेख गरेको छ । ती अध्ययनले मगर समुदायमा मगर संस्कृतिको बारे जानकारी के कस्तो छ भनेर अध्ययन गरेको देखिँदैन ।

च) डोर बहादुर विष्ट (१९८०) को 'सबै जातको फुलबारी' पुस्तकमा आज पनि धेरै मगरहरु मगर कुरा नै गर्छन् तापनि प्रशस्त मात्रामा नेपाली भाषालाई नै मातृभाषा

मान्नेहरुको सङ्ख्या दिनदिनै बढ्दैछ भनी उल्लेख गरेका छन् । भेरी नदीको माथिल्लो भागतिर बस्ने मगरहरु भोटेभाषालाई नै आफ्नो मातृभाषा मान्ने गर्छन् तापनि नेपाली भाषा बोल्न सबैले जानेकै हुन्छ । मगरहरुले भाषालाई मात्र होइन चालचलन, रीतिरिवाज र धर्म आदिमा पनि खसहरुले जस्तै बाहुनलाई र बाहुनकै शिक्षादीक्षालाई मान्दै आएका छन् भन्दै मगर, गुरुङ, ब्राम्हण जस्ता जातिको बारेमा चर्चा गरेका छन् ।

छ) विश्वकल्याण पराजुलीले मारुनी, सोरठी, राजा र रानीको कथामा आधारित गीत गाएर नाचिने सोरठीको बारेमा एक लेख लेखेका छन् भने (२०७१) मा पोखरा उद्योग वाणिज्य संघको मुखपत्रमा प्रकाशित लेख 'फेरिँदैछ पोखरेली समाजमा पुनमगर जातिको उपस्थिति र उनीहरुको संस्कारको प्रभाव' को बारेमा विस्तृत रुपमा चर्चा गर्ने प्रयास गरेका छन् ।

ज) डा. ज्ञानबहादुर कार्की (२०६८) मा नेपालमा जातपात वा छुवाछुतको इतिहासमा नेपालका जातजाति तथा दलितहरुको बारेमा लेखेका छन् । यस पुस्तकमा सम्पूर्ण जातिहरुको तथ्यांकसहित लेखिएको भएपनि मगर जातिको संस्कृतिको बारेमा समेट्न सकिएको छैन ।

यसरी विभिन्न विद्वानहरुले विभिन्न जातजातिहरुको अध्ययन गर्ने क्रममा पुन मगरको बारेमा पनि आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विधामा प्रकाश पारेका छन् तर आजसम्म पोखरा महानगरपालिका वडा नं. २ का पुनमगरहरुको बारेमा कहीं कतै पनि अध्ययन अनुसन्धान नभएको कारणले यो शोध पत्र तयार गर्ने प्रयास गरिएको हो ।

## १.७. अध्ययन विधि

यो अध्ययनमा प्राथमिक र सहायक दुवै स्रोतहरुको प्रयोग गरिएको छ ।

**क) प्राथमिक स्रोतः**

प्राथमिक स्रोतको रुपमा स्थलगत अध्ययन र अन्तरवार्तालाई लिइएको छ । स्थलगत अध्ययन अर्चलबोटको पुनमगर बस्तीमा पुगेर स्थानीयसँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता लिइयो । अन्तरवार्तामा प्रयोग गरिएको प्रश्नावली परिशिष्टमा समावेश गरिएको छ । तिनै प्रश्नहरुमा आधारित रहेर पुनमगरहरुको संस्कृति र जीवनशैलीको जानकारी प्राप्त गरियो । अध्ययनलाई आवश्यक पर्ने फोटोहरु कुनै आफैँले खिचेर त कुनै स्थानीयहरुबाट प्राप्त गरियो । अध्ययनमा प्रयोग गरिएका फोटोहरु फोटो सेक्सनमा दिइएको छ ।

**ख) सहायक स्रोतः**

सहायक स्रोतका रुपमा विभिन्न समयमा प्रकाशित पुस्तक र पत्रपत्रिकाहरुको सहयोग लिइएको छ ।

## १.८. अध्ययनको सङ्गठन

यसलाई निम्न परिच्छेदहरुमा बाँडिनेछ ।

क) परिच्छेद १ – परिचय

ख) परिच्छेद २ – मगर जातिको उद्गमस्थल तथा आगमन

ग) परिच्छेद ३ – पुनमगरहरुको बसाइँसराई प्रक्रिया

घ) परिच्छेद ४ – पोखराका पुनमगरहरुको सामाजिक अवस्था

ङ) परिच्छेद ५ – पोखराका पुनमगरहरुको सांस्कृतिक अवस्था

च) परिच्छेद ६ – पोखरा अर्चलबोटका पुनमगरहरुको आर्थिक अवस्था

छ) परिच्छेद ७ – निश्कर्ष

# परिच्छेद - दुई

## मगर जातिको उद्‌गमस्थल तथा आगमन

### २.१. उत्पति

मगर जातिलाई मंगोल जातिको एउटा हाँगाको रुपमा पनि मानिएको छ । मगर जातिको उद्‌गम स्थल कहाँ हो ? कुन दिशा हुँदै आए ? वा कुन परिस्थितिमा कहिले आए ? भन्ने सन्दर्भमा यो जातिको अध्ययन गर्ने विभिन्न विद्वानहरुका फरक फरक मत पाइन्छन् । केशरजङ बराल मगरले किराँत संस्कृतिविद इमान सिंह चेम्जोङको भनाइ उदृत गर्दै मगर जातिको उद्‌गम चीनको सीम भन्ने ठाउँबाट भएको हो र सीमबाट सिङ र चितु मगरको नेतृत्वमा सर्वप्रथम नेपालको दक्षिणी भेकबाट प्रवेश गरेका हुन् (बराल मगर, २०५०:१६) ।

वि.के. रानामगरले मगर जातिको उत्पति मध्ये चीन तिब्बतबाट भएको भन्ने तर्क राख्नु हुँदै प्रमाणित गर्ने ३ वटा आधार क) शारीरिक बनोट ख) भाषा ग) संस्कृति समान रहेको उल्लेख गर्नु भएको छ (राना मगर, २०५८) ।

अर्का विद्वान् एम.एस. थापामगरले मगर जाति मंगोलियनको दक्षिण पठारदेखि पूर्व र तिब्बतको उत्तरी क्षेत्रलाई मानेका छन् । उनले मगर साथै अन्य मंगोलियाई समूहहरु शिकारी युगतिर वा आजभन्दा चार हजार वर्ष अगाडि उक्त क्षेत्रमा भौगर्भिक प्रलय भई सामुद्रिक बाढीबाट आवादी क्षेत्र बलौटामा परिणत भएपछि त्यहाँबाट स्थानान्तरण हुँदै अघि बढ्ने क्रममा भारतीय उपमहाद्वीपमा प्रवेश गरी नेपाल प्रवेश गरेका हुन् । उक्त स्थानमा भौगोलिक उथलपुथल भएको चीनको

ऐतिहासिक वृतान्तमा पनि उल्लेख भएको पाइन्छ (मगर, २०६९:३०) । मगर जातिको मूल स्थान भू-मध्ये सागरीय क्षेत्र रहेको र उक्त क्षेत्रमा बढी गर्मी भएकोले गर्मी खप्न नसकी मंगोल नामका ब्यक्तिको तीन भाई छोराहरु ई.पू.६००० वर्ष अघि पूर्वतर्फ बढ्दै गए । केही वर्ष पछि तीन भाई आपसमा छुट्टिए पछि जेठा मुनाईङ्वाका सन्तानहरु हिन्द महासागर, पञ्जाब, नैनीताल, गढवाल हुँदै नेपालको पश्चिमी भेगबाट प्रवेश गरे (श्रीस, २०७१:८) । अर्कोतर्फ बालाराम घर्तिमगरको भनाई उदृत गर्दै मगर जातिको उत्पति वर्तमान नेपालको रुकुम मैकोटलाई मानेको पाइन्छ । यस सम्बन्धमा मगर जाति रुकुम जिल्लाको हुकाम मैकोट स्थित पिल्मा नदीको किनारमा रहेको ओढारबाट भएको हो । खाम भाषामा ओढारलाई पु भनिन्छ । पु बाट पुन मगर भएको हो, सबै मगर जातिको पूर्खा पुन मगरबाट भएको दाबी गरेको पाइन्छ । मगरका पूर्खाहरु गोरप्पा र शेरप्पामध्ये एक भाई महाभारत तर्फ लागे र अर्को भाई हिमालतर्फ लागे (बुढामगर, २०६३:३३) ।

मगर समुदायको अभियन्ता बमकुमारी बुढामगरले नेपालमा मानव सभ्यताको विकासक्रम रुकुम जिल्लाको मैकोट गा.पा.को योमाखार र पेल्माखारबाट भएको हो । त्यहीबाट झाँक्री सभ्यताको विकास भएको थियो । सुरुमा रिन्दु रमा र पुरन चन्द रमाको जन्म भयो, रमाको धूर (तान्त्रिक आख्यान) अनुसार रुकुमको योमाखार पू ( अरिङ्गाल बस्ने ओढार) र पेल्माखार पू (जौ छर्ने ओढार) बाट रिन्दु र पुरन नामको रमा झाँक्रीको उत्पति भयो । तिनैका सन्तानहरु नै मगर जाति हुन् (बुढामगर, २०६३:३३) ।

इतिहास शिरोमणि बाबुराम आचार्यको विचार उदृत गर्दै प्रा.डा. सूर्यबहादुर जि.सी.ले पश्चिम अफ्रिकाको मेगाडास्कर द्वीपदेखि इस्टर द्वीप समुहसम्म उत्पति

भएका मानव जातिको एक शाखा पूर्वोत्तर भारत र नेपालमा प्रवेश गरे, ती जाति समुहमा मगरहरु पनि पर्दछन् । यस आधारबाट मगर जातिको उद्गम स्थल पश्चिम अफ्रिका रहेको देखिन्छ (जि.सी., २०६६:६३) । अर्का किराँत इतिहासकार बमबहादुर राईले मगरजातिको उत्पति र नामकरणको बारेमा थुथुरी वेद (किराँत मुन्दुम) लाई आधार मान्दै मगर जातिलाई सुम्निमाको सन्तान मानेका छन् । उनले सुम्निमाको कान्छो छोरा हंछाबाट सप्तरुपाको जन्म भयो, उनका छोरा मोङ् भए, यिनका पनि तीन भाइ छोराहरु भए, त्यस मध्ये जेठाका दश भाइ छोराहरु मध्ये एक भाइका सन्तानहरु मगर भए भन्दछन् (राई, २०६५:६) । अर्का इतिहासकार प्रेमबहादुर मावोहाङ्ले मगर जातिको उत्पति सम्बन्धमा स्वयम्भू मनुसँग जोडेको पाइन्छ । जसमा स्वयम्भू मनुका छोरा मंगोल उनका तीन भाइ छोराहरु मध्ये मुनाइङ्वाका छोरा किराँतइङ्वाका १० भाइ छोराहरुमध्ये मगप्पाका सन्तानहरु मगर भएका हुन् भनेका छन् (राई, २०५५:१२) । त्यस्तै मगर जातिको उद्गम स्थलको बारेमा हेमिल्टनले ई.पु. ४००० वर्ष अघि प्रसियाको उत्तर समतल मैदानमा २ वटा सभ्य जातिहरु आकाद वंशी र सौभार वंशी बस्दथे भन्दै ई.पु.३००० वर्ष अघि सौभार वंशले चीनको बेइजिङमा राज्य स्थापना गरेका थिए, त्यसै वंशको एक शाखा नेपाल प्रवेश गरे जुन मगर जातिका थिए भनी उल्लेख गरिएको पाइन्छ (थापा, २०६७:१२) । त्यस्तै मगर जातिको अगुवा डा. हर्षबहादुर बुढामगरले मगर जातिलाई किरात वंशसँग जोडेर मगरहरु किराँत कुलकै भएकोले किराँतहरुको मूलथलो बेविलोन थियो र कालान्तरमा हेब्रु जातिको आक्रमणले त्यहाँका बासीहरु यत्रतत्र लाग्दा एक समूह नेपालमा प्रवेश गरेका थिए भन्दछन् (बुढामगर, २०४९:४२) । मगर जातिको उत्पति र आगमनको सम्बन्धमा धर्मप्रसाद श्रीस मगरले ई.पु.६००० वर्ष अघि भू-मध्य सागरीय क्षेत्रमा सभ्य बनिसकेका जातिमा मंगोल नामका व्यक्तिका ३ भाइ छोराहरु

मुनाइङ्वा, थोवोइङ्वा, योवोइङ्वा मध्ये मुनाइङ्वाका सन्तानहरु ई.पु.२३०० तिर नेपालको पश्चिमी दिशाबाट प्रवेश गरेका थिए । त्यसपछि क्रमशः चरणबद्ध रुपमा विभिन्न समयमा प्रवेश गर्दै पाँचौ/छैठौं समूह प्रवेश गरे भन्ने कुरा उल्लेख गरिएको छ (बुढामगर, २०४९:८) । प्रो. टुचीले मगर जातिको उद्‌गम थलो मध्य एशिया, चीन र रुसको बिचको स्टेम्पसपा मैदानलाई मानेका छन् । उक्त स्थानमा पाँचौ शताब्दीतिर विशाल घोडचढी युग थियो । यस समूहलाई पहिले टर्को-मंगोल जाति पनि भनियो । यसमध्ये ठूला लडाकू हुँणहरुको अभियान हंगेरी, रोम हुँदै बेइजिङसम्म पुगेका थिए । साथै मंगोलियाका मगर सेनाले भोट तिब्बतदेखि मध्य नेपालसमेत कब्जा गरेका थिए, त्यसैले यस भागलाई मगराँत भनियो (बुढामगर, २०४९:४६) ।

यसरी मगर जातिको उद्‌गमस्थल तथा आगमनको सम्बन्धमा विद्वान्‌हरुका फरक फरक विचारहरु रहेता पनि विचारहरु दुई समूहमा विभाजित भएको देखिन्छ । एउटा समूहले मगर जातिको उत्पति नेपाल भित्रै र अर्को समूहले नेपाल बाहिर उत्पति भई विभिन्न समयमा नेपालमा प्रवेश गरेको मानेका छन् । अतः मानव सृष्टिको शुरुवात कहाँ कसरी भएको हो ? यस बारेमा नेपालकै भूमि कुन-कुन जातिहरुको उत्पति स्थल हो भन्न सकिँदैन । मगर जाति बारेमा अध्ययन गर्ने अधिकांश विद्वान्‌हरुको विचार मगर जातिको उत्पति नेपालको भूमि भन्दा बाहिरै भएको भन्ने राय रहेकोले तथ्यात्मक रुपमा प्रमाणहरुबाट पुष्टि नभएसम्म यसै विचारलाई स्वीकार्नु पर्दछ । तर पनि जे जस्तो अवस्थामा यस भूमिमा प्रवेश गरेपनि मगर जाति यस अवस्थामा आइपुग्नको लागि यसै भूमिको योगदान रहेको मान्न सकिन्छ । नेपालका कतिपय स्थानहरुमा अन्य जातजाति भन्दा अगाडि प्रवेश गरेको मान्न सकिन्छ किनकी धेरै मगर बस्ती रहेको तथा ठाउँहरुको नाम मगर भाषाबाट रहेको पाइन्छ ।

## २.२. मगर शब्दको नामकरण

नेपालमा बसोबास गर्ने १२५ जातजातिहरुको आ-आफ्नै जातीय नाम रहेको छ । कुनै विशेष परिस्थिति, घटना, स्थानको नामबाट जातको नामकरण भएको देखिन्छ । यसै सन्दर्भमा मगर जातिको नाम पनि कसरी कुन घटना परिवेशबाट रहन गयो ? ऐतिहासिक तथ्यहरु केलाउनु पर्ने हुन्छ । मगर शब्दको उत्पति सम्बन्धमा विभिन्न किम्वदन्तीहरु, कथाहरु, जनश्रुतिहरु फरक फरक ढङ्गले प्रस्तुत भएको पाइन्छ । मगर शब्दबाट परिचित हुनु पूर्व मगर जातिलाई कुन नामबाट चिनिन्थ्यो, यसबारे पनि अध्ययन हुन आवश्यक देखिन्छ । प्राचीन कालमा मगर जातिलाई लिच्छवि, मेदेश, वेडाल, भाटी, अवाटी, सिंघियन र चिनिया इतिहासकारहरुले यूची, भनी चिनिन्थ्यो भनिएको पाइन्छ (थापामगर, एम.एस., २०४९:१) । त्यस्तै पूर्वी नेपालको इलाम तथा  पाँचथरमा महर, सिक्किमतिर च्याङ भन्ने गरेको पाइन्छ भने कर्कपेट्रीकले मगर नलेखी ‘मुग्गर’ लेखेका छन् । सुदूरपश्चिमतिर एक आपसमा कुरा गर्दा ‘परे’ भनेर सम्बोधन गर्ने गरेको पाइन्छ (थापामगर, २०४९:२५) । साथै कुमाउ, डोटी, जुम्लातिर मगरलाई महर भनिन्छ, भने महेशचन्द्र रेग्मीले पहिले पहिले मगर जातिलाई ‘प्रजाजात’ पनि भनिएको पाइन्छ भनी उल्लेख गरेका छन् (थापामगर, २०४९:२५) । त्यस्तै भारतीय इतिहासकार शेखर सिंह गौतमले प्राचीनकालमा मगर जातिलाई ‘नाग’ जाति भनिन्थ्यो भनेका छन् (थापामगर, २०४९:७३) । इतिहास शिरोमणि बाबुराम आचार्यले लिच्छविकालमा मगरहरु सुँगुर पाल्दथे, लिच्छविहरु आफुलाई पवित्र सम्झेकाले मगरसँग सम्बन्ध राखेनन्, जब खसहरु आए तब मगरलाई मंगोल सम्झे त्यही मंगोल शब्द अपभ्रंश भएर मगर शब्द उत्पति भएको हो भन्ने कुराहरु पाइन्छन् (मगर,  २०५९:४) ।

त्यस्तै महाकाली नदी र चन्द्रभङ नदी बीचको भू-भागलाई महर उपत्यका भनिन्छ, उक्त महर शब्दबाट मगर शब्द उत्पति भएको मानेका छन् (मगर, २०५९:२५) । मगर शब्द उत्पतिका बारेमा पुस्कर लोहनीले मगर जाति फरक नभएर ठकुरीकै एक शाखा हो भन्दै गोर्खा राज्यमा गोरखनाथलाई पूजा गर्नु अघि भैरवलाई सुँगुर बली चढाउनु पर्ने हुँदा राजाका ५ छोराहरु मध्ये कान्छाले सुँगुर छोएर पूजा म गर्छु भनेकाले त्यही 'म गर्छु' भन्ने शब्दबाट 'मगर' भएको हो र तिनै कान्छाका सन्तानहरु नेपालका विभिन्न ठाउँमा फैलिए भनेका छन् (लोहनी, २०४१:२६) । त्यस्तै पुन्य मल्लको कनक पत्र शाके १२५८ मा महाराजिक, महरा, महतौ र मगर राजाको उल्लेख गरिएको हुँदा तिनै शब्दहरु अपभ्रंश हुँदै मगर भएको हुन सक्ने सम्भावना देखिन्छ (थापा, २०७१:१३) । भाषाशास्त्री बालकृष्ण पोखरेलले मगरहरु मर्कट अथवा बाँदरका सन्तान हुन् र मर्कट शब्द अपभ्रंश भएर मकर, मगर शब्द उत्पति भएको उल्लेख गरिएको छ (मगर, २०७१:५) । राजनाथ पाण्डेले प्राचीनकालमा मगरहरुलाई मंगल भनिन्थ्यो मगर जाति मंगोल जातिकै एक शाखा भएकोले मंगल भन्नु औचित्यपूर्ण देखिन्छ । त्यही शब्दबाटै मगर शब्दको उत्पति भएको हुन सक्दछ भन्दछन् (मगर, २०७१:६) ।

यसरी मगर शब्द नामकरणको विषयमा विभिन्न विद्वान्हरुको भनाई कथा, जनश्रुती, वंशावली, ताम्रपत्र, कनक पत्र, आदिको भनाईबाट मगर शब्द महाराजिक, महरा, मङ्गर, मगर भएको हुन सक्दछ । अर्कोतर्फ कतिपयले पहिले खानीभित्र काम गर्नेलाई खनाल र बाहिर काम गर्नेलाई मगरा भनिन्थ्यो भने त्यही मगराबाट मगर भएको मानेका छन् । अतः मंगोल, मंगल, महर, मंगर तथा म गर्छु बाट पनि मगर भएको मान्नुपर्ने अवस्था रहेको छ । नेपालको सन्दर्भमा जनजातीय इतिहास लेखिने परम्परा नरहेको र प्राचीनकाल देखिनै राज्यस्तरबाट पनि हरेक जातिको इतिहास

लेखेर संरक्षण गराउने चलन नरहेकोले कथा, किम्वदन्ती, जनश्रुती तथा वंशावलीहरुमा उल्लेखित कुराहरुमा नै भर पर्नु परेको हुँदा ऐतिहासिक तथ्यले प्रमाणित नगरेसम्म यिनै स्रोतहरुलाई मान्नु पर्ने बाध्यता देखिन्छ ।

## २.३. मगरहरुको उद्‌गमस्थलको परिचय

नेपालका विभिन्न स्थानहरुमा मगरहरु बसोबास गरिरहेको भएतापनि उनीहरुको मूल थलो पश्चिम नेपालको 'मगराँत क्षेत्र' नै हो । पश्चिम नेपालमा पनि खास गरेर नवलपरासीको माथिल्लो भाग र महाभारत पर्वत श्रृङ्खलाको दक्षिणी भाग हुँदै काली गण्डकीको पश्चिमदेखि लिएर पश्चिम बर्दियाको माथिल्लो भागको पहाडदेखि हुम्ला जुम्लासम्म पनि पुगेको देखिन्छ । अर्थात कालीगण्डकी भन्दा पश्चिम कर्णाली भन्दा पूर्व, चुरे वा शिवालिक श्रृङ्खलाभन्दा उत्तर र अति हिमपात हुने हिमाली भागभन्दा दक्षिणको विशाल भू-भाग मगरहरुको मुख्य थलो हो ।

मगरहरु नेपालको कूल जनसङ्ख्याको हिसाबमा तेस्रो र जनजातिको सङ्ख्याको आधारमा पहिलो स्थानमा रहेको कुरा अगाडि नै उल्लेख गरिएको छ । देशभर छरिएर रहेको विभिन्न उप-समूहहरुमा रहेका मगरभित्रकै एक समुदाय 'पुनमगर' पनि हो जसको घना बस्ती रहेको कालीगण्डकीको सेरोफेरो म्याग्दी, पर्वत र बाग्लुङ जिल्ला हो । साबिकको धौलागिरीभित्र पर्ने पर्वत जिल्ला (हालको गण्डकी प्रदेश) मा पर्ने यस वरिपरि क्षेत्र नेपालको मध्यकालीन समयको चौबिसे राज्य अर्न्तगत पर्ने धेरै राज्यहरु मध्येको पर्वत राज्य मजबुत र शक्तिशाली राज्यको रुपमा रहेको थियो । जुन आज एउटा जिल्लाको रुपमा परिचित रहेको छ ।

यसैगरी यस राज्यलाई मल्लकालको उत्तरार्द्धमा घरधूरीको हिसाबले राज्यको नाम राख्ने चलनले यसलाई आठ हजार पर्वत भनेर चिनिन्थ्यो भने यसलाई काली

वार र काली पार पर्वत गरि १६०० पर्वतको नामले पनि चिनिन्थ्यो (श्रेष्ठ, २०४२:१) । पन्ध्रौं शताब्दीको उत्तरार्द्धमा विशाल खस राज्य टुक्रिई गण्डकी प्रदेशमा चौबिसे राज्य खडा भयो, त्यसमध्ये पर्वत राज्य नै बलियो थियो । यस राज्यको शासन क्रमको बारे वंशावलीमा उल्लेख गरिएको पाइन्छ । पर्वतका राजा मलय बम मल्लको राज्यकालमा पण्डित प्रेमनिधि पन्तद्वारा लिखित शिव ताण्डव तन्त्रको मल्ल दर्शन अनुसार बाइसे राज्य मध्येको रुकुमका राजकुमार आनामले चौबिसे राज्य अर्न्तगत पर्ने पर्वत राज्यको तामुक प्रदेशमा आई नयाँ राज्य स्थापना गरे (श्रेष्ठ, २०४२:४) ।

## २.४. पुनमगरको उत्पति

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवम् बहुधार्मिक देश हो । नेपालमा १२५ जातजातिको बसोबास छ जसमध्ये ५९ जातिलाई आदिबासी जनजातिको पहिचान दिइएको छ । जनजाति उत्थान प्रतिष्ठानका अनुसार- "जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्ने, आफ्नो छुट्टै सांस्कृतिक पहिचान, भाषा, धर्म र रीतिरिवाज, लिखित वा अलिखित इतिहास भएको परम्परागत सामाजिक संरचनामा आधारित नेपालका आदिबासी या मूलबासी भएका र हामी भन्ने भावना भएका, राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका र आफूलाई जनजाति भनी दाबी गर्ने समुदाय हुन्" भनी परिभाषित गरेको छ ।

नेपालका विविध जातजाति मध्ये पनि ५९ प्रकारका जनजाति मध्ये एउटा जाति 'मगर' हो । मगरभित्र धेरै थरहरु रहेका छन् । मगर जातिका मुख्य थरहरु- थापा, राना, आले, बुढाथोकी, रोका, घर्ती र पुन हुन् । बुढाथोकी, रोका, घर्ती र

पुनलाई हिमाली क्षेत्रमा बसोबास गर्ने भोटे समुदायको रक्त समूह अन्तर्गत पर्ने भनेर भनिएको छ (पुन, २०७३:४६) ।

पुन जाति पनि मगर अन्तरगत नै पर्दछन् भनिए तापनि उक्त जातिको उत्पतिको बारेमा विभिन्न आख्यानहरु तथा ऐतिहासिक कथनहरु भएको पाइन्छ । यस सन्र्दभमा एक किंवदन्ती अर्थात मौखिक इतिहास अनुसार कुनै बेला गर्बुजाका आमा छोरी भेडा गोठमा बस्दथे । त्यतिबेला राति सँधै एउटा लट्टा पालेको केटो आएर छोरीसँग केही बेर बसेर गफ गरी जाने गर्दथ्यो । यसरी धेरै दिन आउने जाने गर्दा त्यस केटाको गर्बुजाकी छोरीसँग प्रेम बस्यो र गर्भ रहन गयो । सो कुरा आमाले थाहा पाएपछि छोरीसँग सोध्दा लट्टा पालेको केटाको गर्भ हो भन्ने कुरा आमालाई भनिन् । आमाले छोरीलाई त्यो केटो आउँदा उसलाई थाहै नदिई उसको नाडीमा सुतो (धागो) बाँधिदिनु भनिन् र त्यसै गरी छोरीले बाँधिदिईन् । भोलिपल्ट गाउँले सबै मिलि धागोको पछि लाग्दै पहराभित्र रहेको गुफा नजिक पुगे । त्यहाँ सबैले भित्र को छ भनी बाहिरबाट बोलाउन लागे । कुनै व्यक्तिले भित्रबाट 'पु' शब्द मात्र बोल्यो । बाहिर नआएको कारण सबै गाउँले मिली गुफा भत्काइदिए र भित्र जाँदा एउटा लट्टा पालेको केटालाई देखे र तिमी को हौ ? नाम के हो ? भन्दा पु पु मात्र भन्यो । अरु बोल्न जानेन । सबै मिली पूजा गरी त्यसलाई घरमा लगे र त्यसबाट जन्मेको सन्तानलाई 'पहरे पुन' र दूधको धारा दिनेलाई 'दूधे पुन' भन्दै पुन जातिको उत्पति हुन गएको हो भन्ने कुरा स्थलगत भ्रमणबाट जानकारी हुन आएको छ (पुन, फत्तबहादुर, २०७६) ।

यस्तै अर्को कथन अनुसार करवाकेको विवाह हिमलासँग हुन्छ र उनबाट नौ वटा छोराको जन्म हुन्छ । जेठो रामचन र कान्छो कुलचन । कुलचनको जन्मपछि

हिमला मरिन् । करवाकेले नौ वटै छोराहरुलाई फिरन्ते जीवनका साथ दुःख पाई पाल्दै हिँडे । पछि ससुराले आफ्नी छोरी फिमलाको विवाह करवाकेसँगै गरिदिए र जीवन बित्दै गयो । छोराहरु पनि बढ्दै गई ठुला भएपछि हामी बिहे गर्ने बेलामा आफूले बिहे गरेको भनी बाबुप्रति नकारात्मक सोंचाई राख्दै मार्ने खालका विभिन्न षडयन्त्र रच्दै गए पनि सबै असफल भएपछि करबाकेलाई मह भीरमा मह काढ्न पठाएर ओर्लने बेलामा पाराङ काटिदिएपछि ऊ त्यसै ठाउँमा अलपत्र पर्दछ । साथमा मह भइन्जेल खाएर बाँच्दछ । मह सकिएपछि ऊ त्यहाँ तड्पिइरहन्छ । उसको शरीरमा हाड र छालामात्र रहन्छ । उसलाई गरुडले उद्धार गरेको धेरै समयपछि करबाकेको फिमलासँग भेट हुन्छ । छोराहरु दिउँसो ‘भेजो’ हान्न जाने गर्दथे । त्यो ‘भेजो’ खासगरी बुबा करबाकेलाई मार्ने उद्देश्यले केन्द्रित थियो । करबाकेलाई राति कसैले थाहा नपाउने गरी फिमलाले घरमा लगिन् । करबाकेलाई छोराहरुले भेजो सिकेका मलाई मार्न रहेछ भनी थाहा भयो । आफ्नो बाणले भेजो फुटालिदिए । अनि सबैले दङ्ग परी हेर्दा बाबुको बाण देखेर कुलचन र रामचनले बाबुसँग माफी मागेर आशिर्वाद लिए । उनले माफी नमाग्ने अरु सात छोराहरुलाई नराम्रो श्राप दिएका थिए । रामचनलाई नौ सिङ्गे र कुलचनलाई सेतो दुई सिङ्गेले पूजा गरिदिनु भनी आफूहरु फिरन्ते जीवन बिताउँदै म्याग्दी र पर्वतका विभिन्न स्थानमा आएको हो । पछि तिनै दुई कुलबाट जन्मेका सन्तानहरुलाई नै पुन भनिन थालिएको हो भन्ने भनाई करबाकेली अनुसन्धान कृतिमा उल्लेख भएको छ (पुन, २०६३:३७-५२) ।

अर्को एक किम्बदन्ती अनुसार मगर्नी कुनै एक ठकुरीको घरमा काम गर्न बस्दा प्रेम रहेर बच्चाबच्ची जन्मेपछि त्यसलाई घरबाट निकाल्नु भन्दा पुनः बस भनेपछि त्यसबाट जन्मिएका शाखा सन्तानलाई ‘पुन’ भन्न थालिएको हो भन्ने भनाई पनि स्थलगत भ्रमणबाट जानकारी हुन आएको छ (पुन, २०७६) ।

तत्कालीन राजा पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण अभियान शुरु गरेपनि वर्तमान नेपालको स्वरुपसम्म आइपुग्दा उनका छोरा नातिद्वारा गरिएको प्रयास पनि अत्यन्त महत्वपूर्ण रहेको छ । आजको नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेको छ । नेपाललाई सबै जातजातिको साझा फुलबारीको उपनामले पनि चिनिन्छ। नेपालको एकीकरण गर्दा युद्ध मैदानमा कसको सवार गऱ्यो भने युद्ध जितिन्छ भनेर पृथ्वीनारायण शाहले आफ्ना मामासँग सोध्दा मामाले भनेका थिए - ब्राम्हण भनेको बयल गाडा हो यसको सवार गऱ्यो भने पाप लाग्छ, मगर भनेको टाँगन घोडा हो यसको सवार गर्दा ढिलो हुन्छ, क्षेत्री भनेको ताजगी तुर्की घोडा हो यसको सवार गऱ्यो भने काज फत्ते हुन्छ भनेका थिए । त्यसैले पनि थाहा हुन्छ मगरहरुको बसोबास र राज्य सञ्चालनमा उनीहरुको पहिलेदेखि नै भूमिका थियो । यी जातिहरु मध्ये पुन जाति पनि नेपालको एक प्रमुख आदिबासीको रुपमा चिनिन्छ । यी पुन मगरहरु नेपालको विभिन्न भागमा छरिएर बसेको पाइन्छ । खासगरी पुनमगरहरु पुर्खौंदेखि नेपालको पहाडी भागमा छरिएर रहेका छन् । कतै कतै लेकमा पनि बसेका छन् । पुन मगर जातिको मुख्य थलो पश्चिमाञ्चल विकासक्षेत्र अर्थात हालको प्रदेश नं. ४ को गण्डकी र धौलागिरीलाई अठारौँ शताब्दीसम्म पनि मगराँत प्रदेशका नामले चिनिन्थ्यो । त्यस समयसम्म मगराँत प्रदेशमा मगर राजा हुन्थे । नेपालको मध्यपश्चिम भागमा गोर्खा समेत पर्ने भएकोले तत्कालीन राजा पृथ्वीनारायण शाहले आफुलाई मगरको राजा भनेका थिए ।

पुन मगरहरु भारतीय र बृटिश सेना तथा नेपाली सेनामा अफिसर, कर्णेल, मेजर तथा जनरल लगायतका पदमा कार्यरत छन् । उनीहरु आफ्नै जातिभित्र विवाह गर्दछन् । ब्राम्हण क्षेत्रीको जस्तै मागी विवाह पद्वति अपनाउँदै आएका छन् । दुवै केटा केटीतर्फका बाबुआमाको सल्लाहमा विवाह गर्दछन् । विवाहमा कन्यादान गर्ने, बाजा

बजाउने र आफन्त तथा कुटुम्बलाई निमन्त्रणा गर्ने गर्दछन् । यो दुवैतर्फ मनाइन्छ । बिहे भइसकेको केही महिनापछि केटा र केटी दुवै मिलेर केटीका बाबुआमा कहाँ ढोगभेट फुकाउन जान्छन् । त्यसैबेला काख छोडाउने भनेर बाबुलाई रुपैयाँ तिर्नुपर्दछ । काका, मामा, माइजु आदि सबैको दस्तुर पनि बाबुलाई नै बुझाउनुपर्दछ । यसपछि पाइलो फर्काउने भनेर बिहेको आखिरी विधि सक्न केटीको माइतमा जाने गर्दछन् । यसैबेला बाबुआमाले छोरीलाई दाइजो दिएर पठाउँछन् (पहरे पुन, २०६८:६७-६९) ।

## २.५. नेपालमा  जातीय व्यवस्थाको स्थापना

अहिलेसम्म नेपालको हिन्दू धर्मावलम्बी समाजमा रहेको जातपात र भातपानी व्यवस्था धेरै पहिलेदेखि नै चल्दै आएको देखिन्छ । इतिहासको कुनै कालखण्डमा पश्चिम एशियाबाट दक्षिण एशियाका विभिन्न भागमा विशेष गरेर सिन्धु गङ्गाको मैदानमा प्रवेश गरेका ‘इण्डो-आर्यन’ जाति मध्येका वैदिक धर्मावलम्बीहरुले जातपातको सिर्जना गरेका थिए । प्रारम्भमा जातपातको सिर्जना व्यक्तिको पेशा र उसको चरित्रमा आधारित थियो । त्यसमा ऊचनीच, छुवाछूत र भातपानीको भेदभाव थिएन । कुनै व्यक्तिको चरित्र परिवर्तन हुनासाथ अथवा उसको पेशा बदलिँदासाथ उसको जात पनि परिवर्तन हुन्थ्यो । त्यसैले त्यसबेला तल्लो र माथिल्लो भनिने जात थिएन र त्यहाँ छुवाछूत र भातपानीको भेदभाव पनि थिएन ।

नेपालमा लिच्छविकालदेखि नै वर्णाश्रम व्यवस्था लागू भएको पाइन्छ । जयस्थिति मल्लले सामाजिक अवस्थामा सुधार ल्याउनको लागि भारतबाट पाँच जना पण्डितहरु झिकाई उनीहरुको सहयोगले नेवारी समाजमा मनुस्मृतिको आधारमा वर्णाश्रम व्यवस्था मिलाए । वैदिक हिन्दू धर्मावलम्बीको उक्त प्रचलनमा बिस्तारै विकृति र स्वार्थीपन विकसित हुँदै गयो । माथिल्ला जातमा परेकाहरुले आफूहरुलाई

सँधै त्यही जात र श्रेणीमा स्थिर राख्ने र तल्लो जातमा परेकाहरुलाई जातीय खुड्किलो बढ्न नदिने परिपाटी बस्दै गयो । यसै क्रममा पेशा, व्यक्तिगत चरित्र र आचरणको आधारमा सिर्जना भएको पहिलेको सामाजिक व्यवस्थालाई बदली जन्मको आधारमा जातीय श्रेणी निर्माण हुने नयाँ विभेदपूर्ण सामाजिक परिपाटी प्रारम्भ गरियो । यसप्रकार वैदिक हिन्दू धर्मावलम्बीहरुमा जातीय विभेदको सामाजिक व्यवस्थाले दोस्रो चरणमा प्रवेश गऱ्यो । सर्वप्रथमतः यसभन्दा पहिले सिर्जना भएको भेदभावपूर्ण सामाजिक व्यवस्था पनि राम्रो थिएन भने अझ त्यसलाई कट्टर तुल्याएर जन्मको आधारमा स्थायित्व दिनु झन् ठूलो विकृति थियो ।

राणा शासनकालमा आएर जंगबहादुरको उदय पश्चात् जंगबहादुरले त्यसलाई अझ बढी कठोर बनाए । यसरी विकृत र स्वार्थपूर्ण तरिकाले सिर्जना भएको जातपात प्रथालाई अझ पछि गएर धार्मिक रङ दिइयो र उक्त सिर्जना भगवान् स्वयम्ले गरेका हुन् भन्ने मान्यता स्थापित गर्ने प्रयास गरियो । त्यसैका लागि पहिलाबाटै सृष्टिकर्ता ब्रम्हाको शिरबाट ब्राम्हण, काँधबाट क्षेत्री, जाँघबाट वैश्य र पाउबाट शूद्रको सृष्टि भएको काल्पनिक सिद्धान्त प्रतिपादन गरियो । त्यसै सिद्धान्त अनुरुप शूद्रलाई भगवान्ले सबैको सेवाको लागि सिर्जना गरेको भनेर माथिल्ला सबै जातका सेवामा लगाइयो । यो सिद्धान्त निकै सफलतापूर्वक कार्यान्वयन् गरियो । त्यसका लागि तल्लो शूद्र वर्गमा पर्ने जातहरुलाई माथिल्ला जातका सेवा बाहेक अन्य आर्थिक साधन र स्रोतबाट वञ्चित गर्नुपर्ने आवश्यकता थियो । त्यसैले उनीहरुलाई माथिल्ला जातको सेवा कार्यबाहेक अन्य कार्य गर्न नपाउने व्यवस्था गरियो ।

दलित शब्दको प्रयोग सबैभन्दा पहिले भारतमा सन् १९३० को दशकको शुरुतिर समाज सुधारक तथा दलित नेता ज्योतिराओ फुलेले गरेका हुन् । उनले यो

शब्द ब्रिटिश भारतले त्यहाँका 'अछुत' हरुलाई प्रयोग गर्ने अंग्रेजी नाम 'डिप्रेस क्लास' को मराठी अनुवादका पनि कताकति प्रयोग गरे । तर यस शब्दको प्रयोगमा व्यापकता भने सन् १९७० को दशकमा जब भारतको दलित प्यान्थर भन्ने पार्टीले आफ्नो घोषणा पत्रमा राखेपछि मात्र आएको हो । शुरुवातको चालिस वर्ष जति यस शब्दले खासै महत्व पाउन सकेन । भारतमा सबैभन्दा पहिले ब्रिटिश भारतले आफ्नो प्रशासनिक काममा सन् १८७० को दशकमा 'डिप्रेस कास्ट' भन्ने नाम प्रयोगमा ल्यायो । त्यति बेला बोलिचालिमा 'परिह', 'शुद्र', 'पञ्चमा' जस्ता शब्दहरु प्रयोगमा पुनस्थापना गर्‍यो । 'डिप्रेस क्लास' मा त्यहाँका दलित, आदिबासी, जनजाति सबै समावेश थिए । यस शब्दलाई सन् १९७४ देखि नेपालमा खासगरि पत्रपत्रिकाहरुमा पनि प्रयोगमा ल्याइएको थियो (विश्वकर्मा, दलित शब्दः एक वृत्तान्त, २०६५) ।

जातीय भेदभावका क्रममा माथिल्ला जातिहरुबाट तल्ला जातिहरुमा अत्यन्त नीचतापूर्ण व्यवहारहरु भएको भए तापनि समयक्रममा यस प्रकारका अवधारणामा केही लचकता तथा उदारपन विकसित हुँदै आएको छ । नेपाली समाजको ठूलो हिस्सामा तथा समाजको भित्री तहमा यो कार्य विद्यमान छ मात्र होइन, दह्रोसँग जरो गाडिएकै रुपमा रहेको छ । खासगरी एउटा मानवीय प्रथा तथा एउटा भयावह सामाजिक रोगका रुपमा रहेको स्वीकार गर्दै यस कुप्रथामा सुधार गर्नका लागि राज्यले पनि एक्काइसौं शताब्दीको पूर्वार्द्धतिर आएर मात्र चासो देखाएको पाइन्छ । तर यो सामाजिक कलङ्कका रुपमा लिन मिल्ने 'छुवाछूत' प्रथा विद्यमान नै यथाशीघ्र यसको अन्त्यको माग गरिरहेको छ । वाह्य रुपमा सरसर्ती हेर्दा छुवाछूत प्रथामा सुधार आएको देखिएको भएतापनि ग्रामीण परम्परावादी अन्धविश्वासी तथा अशिक्षित समाजमा मात्र होइन शहरियाहरुमा समेत छुवाछूत प्रथाले अद्यावधि दऱ्हो जरो गाडेर बसेको छ ।

छोइछिटोको प्रचलन घटेको देखिए तापनि शहरी क्षेत्रमा अछुत जातिका परिचित मानिसहरुसँग सँगै बसेर खानुपर्ने परिवेश सिर्जना भएका बखत अधिकांश महिलाहरु मात्र होइन पुरुषहरु समेत आफूलाई भोग नलागेको, खान मन नभएको, टाउको दुखेको आदि बहाना बनाई सँगै खानबाट तर्कने गरेका उदाहरणहरु शहरका बस्ती बस्तीमा छ्यापछ्याप्ती भेटिन्छ । अरु त छोडौं काठमाडौं, पोखराजस्ता ठूला शहरहरु यसका उदाहरण हुन् । यो जाति प्रथाको छुवाछूतको अवधारणाको प्रतिफल नै हो ।

प्राचीनकालदेखि नै अर्थात् करिब ३००० वर्षपूर्वदेखि नै हिन्दू जगतमा जातीय भेदभावको अस्तित्व रहेको देखिन आउँछ । ईशापूर्व ५६३ मा जन्मेका गौतम बुद्धले विभिन्न जातजातिहरुका बीचमा देखिएको भेदभावका विरुद्धमा आवाज उठाउनु त्यसको ज्वलन्त प्रमाण हो । वास्तवमा त्यही बेलादेखि नै जातीय भेदभाव, छुवाछुत आदि विभेदकारी आधारहरुका विरुद्धमा धेरै थोरै आवाजहरु समय समयमा उठिरहेका छन् । त्यति हुँदाहुँदै आजसम्म पनि जातीय भेदभाव अर्थात् ठूलो जाति र सानो जातिका रुपमा समाजमा विभिन्न जातजातिहरुको स्थिति रहनु मात्र होइन छुवाछुत जस्तो अमानवीय प्रथा रहिरहनु सभ्य समाजका लागि सुहाउँदो कुरा होइन (कार्की, २०६८:७९-८३) ।

# परिच्छेद - तीन

## ३.१. पुन मगरहरुको बसाइँ सराइ प्रक्रिया

समाज निर्माणको आधार परिवार हो । परिवारको सङ्ख्या वृद्धि हुँदै जाँदा एकदिन एउटै परिवारका मानिसहरु छुट्टिएर अलग अलग घर बनाएर बस्ने गर्दछन् । एक, दुई, तीन,....... यस्तै गरेर घर थपिँदै जाँदा अर्को समाजको निर्माण हुन जान्छ । त्यसो त बसाइँ सराइबाट पनि मानिसहरु एक नयाँ ठाउँमा घर सङ्ख्या थपिँदै जाँदा पनि एक अर्को नयाँ समाजको निर्माण हुन्छ । यिनै विविध जाति जनजातिले भरिएको नेपाली समाज मध्यको एक प्रमुख समाजमा मगर समाज पनि पर्दछ । यिनीहरु मिलनसार, आफूभन्दा ठुलाको आदेश पालन गर्ने, सानाको विचारको कदर गर्ने जस्ता विशेषता भएकोले यिनीहरु प्रायः संयुक्त परिवारमा १५-२० जनासम्म मिलेर बस्ने गरेको देख्न सकिन्छ । महिला पुरुष खेतमा मिलेर काम गर्छन् । अझै घरका युवाहरु देश विदेशमा विभिन्न नोकरीमा रहेका छन् भने त घरमा छुट्टीको बेलामा मात्र आउने कम समय बस्ने हुँदा नोकरीबाट छुटेर आएपछि मात्र छुट्टिएर अलग अलग बस्ने गर्दछन् । यतिबेलासम्म हरेकका बालबच्चा सङ्गोलमै हुर्कि बढिसकेका हुन्छन् ।

मगर जातिका परिवारमा उमेरको जेठो व्यक्ति घर मूली हुन्छ । उसले परिवार चलाउने गर्दछ । उसको आदेश निर्देशन आरोटमा सबै सदस्य आ-आफ्नो काम इमान्दारीपूर्वक गर्दछन् । अविवाहित छोरीहरु बढी मात्रामा पानी बोक्ने र घाँस

दाउराको काम गर्ने गर्दछन् । छोराहरु मेला जाने, गोठालो जाने, कोही स्वदेश तथा विदेश गई रुपैयाँ पैसा कमाइ ल्याउने, सेनामा भर्ती हुने गर्दछन् । घरमा प्रशस्त गाई बाखा, भैंसी, सुँगुर, कुखुरा पाल्दछन् ।

नेपालको मध्य भागमा पर्ने काठमाडौंबाट करिब २०० कि.मी. साविक पश्चिममा गण्डकीको सदरमुकाम अर्थात पश्चिमाञ्चल क्षेत्रकै केन्द्रको रुपमा अवस्थित उत्तरतर्फ हिमालय श्रृङ्खला प्रत्यक्ष देखिने, चारैतर्फ हरिया डाँडाकाँडाले घेरिएको सुन्दर नगरका रुपमा 'पोखरा उपत्यका' रहेको छ । रमणीय हावापानी, स्वच्छ तथा उष्ण मौसमी जलवायु रहेको हिमाली क्षेत्रबाट बग्ने सेती नदी र अन्य काली, याम्दी, फेवा, फुस्रे, विजयपुर जस्ता खोला र खहरेबीच अवस्थित यस उपत्यकाले पहाडी प्रदेशको सुन्दर शहरको रुपमा परिचय दिएको छ ।

वि.सं. २००७ साल पूर्व पोखरा उपत्यकाको अवस्था अध्ययन गर्ने हो भने त्यसयता अनगिन्ती परिवर्तन पाउन सकिन्छ । तत्कालमा मलेरिया वा औलो ज्वरोको प्रकोपको कारणले उपत्यकामा सर्न र बस्न त्रसित हुने अवस्थाले पोखराको मानव बस्ती अति पातलो थियो । औलो उन्मुलनसँगै यहाँको जनसंख्याको संरचनामा परिवर्तन तथा व्यापक वृद्धि हुन थाल्यो । यसको एक मात्र कारण आन्तरिक बसाइँसराई नै हो भन्न सकिन्छ ।

## ३.२. पुनमगर जातिको बासस्थान

पुनमगरहरु चार दशक अघिसम्म सुदूर पश्चिामञ्चलदेखि पश्चिमाञ्चलको कास्की जिल्लाको दाङसिङ गा.वि.स. वडा नं. ९ उल्लेरीसम्म मात्रै स्थायी रुपमा बसोबास गरिरहेकोमा वि.सं. २०१८ सालमा तत्कालीन राजा महेन्द्रले भूतपूर्व सैनिकका लागि पुनर्वासको व्यवस्था गरेका थिए । पूर्व पश्चिम चितवन, भैरहवा, नवलपरासी र

नेपालगञ्जको तराई भू-भागमा बस्ने भू.पू. सैनिकहरु, उनीहरुको स्थायी घरबारी जमिन जग्गा भएको ठाउँलाई बेचबिखन गरी तराईको गर्मी र लामखुट्टेको महामारी भएको ठाउँमा बसाइँ सराइ गराइएको थियो । जसमध्ये अन्दाजी चार भागमा एक भाग गर्मी र मलेरियाको प्रकोपबाट बस्न नसकी पुनः आ-आफ्नो पुरानो बासस्थानमा फिर्ता आएका थिए । यसरी पुनमगरहरु तराई आएर बसेका हुन् (पहरे पुन, २०६६:१५) ।

सन् १९६४ मा बृटिश सरकारले दश वर्ष नोकरी पुगेका र दश वर्ष नपुगेका बहालवाला लाहुरेहरुलाई धमाधम न्यूनतम पारिश्रमिक क्षतिपूर्ति हातमा थमाई नाम कटाएर पठायो । सँगसँगै निवृत्तिभरणमा योग्य भएकाहरुलाई पनि ठूलो संख्यामा कटौती गऱ्यो । सोही समयमा केही विवेकशील बृटिश भू.पू. लाहुरेहरुले भैरहवा र चितवनमा जमिन खरिद गरे, साथै भारतीय पेन्सनरहरु पनि थपिँदै गए । यसैले सो स्थानमा पुन मगरहरुको बसोबासको घनत्व बढेको हो । काठमाडौं, पोखरा, लेखनाथ, तनहुँ, दमौली, दुलेगौंडा र कास्कीको ग्रामीण भेगमा बस्ने पुन मगरहरु वि.सं. २०४० को आसपासमा म्याग्दी, पर्वत र बाग्लुङबाट बसाइँसराई गरेका हुन् (पुन, २०४३:५१) । हाल आएर वैदेशिक रोजगारीको अवसर पाएकाहरुको शहरी क्षेत्रमा बसाइँसराई गर्ने क्रममा वृद्धि भइराखेको छ ।

वि.सं. २००७ साल पूर्व पोखरा उपत्यकाको अवस्था अध्ययन गर्ने हो भने अनगिन्ती परिवर्तन पाउन सकिन्छ । तत्कालमा मलेरिया वा औलो ज्वरोको प्रकोपको कारणले उपत्यकामा सर्न र बस्न त्रसित हुने अवस्थाले पोखराको मानव बस्ती अति पातलो थियो । औलो उन्मुलनसँगै यहाँको जनसंख्याको संरचनामा परिवर्तन तथा व्यापक वृद्धि हुन थाल्यो । यसको एक मात्र कारण आन्तरिक बसाइँसराई नै हो भन्न सकिन्छ ।

मगरजातिमध्ये पुन मगरको बसोबास स्थल मूलतः नेपालको पश्चिमी क्षेत्र हो । रुकुम, रोल्पा, सल्यान, म्याग्दी जिल्ला पुन मगरहरुको घना बसोबास भएका स्थलहरु हुन्

। यसबाहेक पर्वत, बाग्लुङ, गुल्मी जिल्लाहरुमा पनि पुन मगरहरुको बसोबास भएको पाइन्छ । आजभोलि बसाइँसराईको कारणले गर्दा रुपन्देही, कास्की, तनहुँ, नवलपरासी, चितवन, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, गोरखा, लमजुङ, पाल्पा र दाङतिर पनि प्रशस्त मात्रामा पुन मगरहरुको बसोबास पाइन्छ (पुन, २०४३:५१) ।

कृषि, खानी खन्ने र पशुपालन मुख्य पेशा भएको यो जाति, राज्यले खानी खन्ने कामबाट रोक लगाएपछि विदेशमा लाहुरे हुन जाने चलनले गर्दा वर्तमानमा लाहुरे भएका परिवारहरुको आर्थिक स्थिति राम्रो छ । लाहुरे भएकाहरु राम्रो जीवनयापनको लागि शहरतिर घर जग्गा खरीद गरी बसाइँसराई गरेका छन् । यद्यपि आफ्नो मौलिक स्थल र मौलिक परम्परालाई चटक्कै भुल्न नसक्दा शहर बजारमा बसोबास गरिरहेको भएतापनि यस जातिले विभिन्न संघ संगठन स्थापना गरि आफ्नो परम्परा जोगाइराख्ने कार्य गरेको छ ।

# परिच्छेद - चार

## पोखराका पुनमगरहरुको सामाजिक अवस्था

### ४.१. सामाजिक अवस्था

गण्डकी प्रदेशको पोखरा महानगरपालिका प्राकृतिक, सांस्कृतिक तथा आर्थिक रुपमा विकसित शहर हो । समुद्री सतहदेखि ७५० मिटरमा अन्नपूर्ण हिमश्रृङ्खला र माछापुच्छ्रेको काखमा अवस्थित पोखरा जति प्राकृतिक रुपले सौन्दर्य छ त्यति नै यहाँको विभिन्न जातजाति, भाषाभाषीहरुको सङ्गमस्थल पोखरा पर्यटकीय दृष्टिकोणले पनि अति नै प्रसिद्ध मानिन्छ । यही सुन्दर नगरी पोखरामा बसोबास गर्ने विभिन्न जातजातिहरु ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, नेवार, थकाली, सार्की, कामी, दमाई आदि मध्येको एक जाति पुन मगर समुदाय पनि एक हो । आफ्नै मौलिक परम्परा र परिचय बोकेको पुन मगर समुदाय म्याग्दी र पर्वत जिल्लाबाट विगत चार दशक यतादेखि निरन्तर बसाइँ सरेको पाइएको छ । विशेष गरी वि.सं.२०४७ पछि पोखरा बाग्लुङ भूपी शेरचन राजमार्ग बनेपछि धौलागिरी क्षेत्रबाट पोखरा बसाइँ सर्ने क्रम बढ्दो रहेको छ भने यिनीहरुको पुर्ख्यौली आदिम थलो हुकाम मैकोट रहेको थियो भन्ने भनाई रहेको छ (कर्बाकेली अनुसन्धान समिती, २०६३) । पोखरा क्षेत्रमा बसाइँ सरी आएका म्याग्दी र पर्वतका पुन मगरहरुको पछिल्लो रोजाई पोखरा क्षेत्र नै भएको छ जसले गर्दा अहिले पोखरामा बढी भन्दा बढी आवादी पनि थपिएको पाइन्छ । जसमध्येको पनि पोखराको नदीपुर, अर्चलबोट, दीप, फुलबारी र रामबजार क्षेत्र बढी पुन मगर समुदायहरुको बाक्लो बस्ती रहेको स्थान हो ।


वर्तमान विश्व नै परिवर्तनशील छ । प्राचीन अवस्थाको समाज समय अन्तरालमा परिवर्तन हुँदै आउँदा सामाजिक जीवनका प्रत्येक पक्षमा परिमार्जन हुँदै गयो । प्रारम्भको घुमन्ते समाजले आगोको आविष्कार गरेर समाजमा निकै ठुलो परिवर्तन ल्याएको थियो । त्यसपछि खाना पकाउने र सेकाउने गरियो । बसोबासको स्थायित्वले पशुपालन तथा खेती प्रणालीको विकास गराउँदै समाज औद्योगिक विकासतर्फ लाग्यो । यो लामो समाज विकासको प्रक्रियामा कैँयौ संस्थानहरु, नाता सम्बन्धहरु, प्रचलनहरु, नियम कानुनहरु, कार्यप्रणालीहरु, व्यवहार तथा अन्तरसम्बन्धको विकास हुँदै परिवर्तन र परिष्कृत भएर अगाडि बढेको पाइन्छ । यसै क्रममा समुदाय सरलताबाट जटिल, एकरुपताबाट बहुरुपता, एकल प्रयोगबाट बहुप्रयोगमा छनोट, साधारण प्रविधिबाट उच्चस्तरीय प्रविधि प्रयोग गर्न सक्ने हैसियतमा वृद्धि भयो । यसरी समाजको आवश्यकता र चाहना परिपूर्ति गर्ने क्रममा सामाजिक इकाईको जन्म र तिनमा परिवर्तन आउँदछ । सामाजिक संरचना तथा सांस्कृतिक सम्बन्धमा परिवर्तन आउनुलाई हामी सामाजिक/सांस्कृतिक परिवर्तन भन्दछौँ ।

सामाजिक परिवर्तन सर्वव्यापी नियम हो । त्यसैले यो प्रत्येक कालखण्ड र समाजमा कुनै न कुनै रुपले परिवर्तन हुन्छ । सामाजिक परिवर्तनको गति, स्वरुप र प्रभावलाई पूर्वानुमान गर्न नसकिनु, विभिन्न घटनाले यसलाई परिवर्तन गराउने हुँदा सामाजिक परिवर्तन हुन्छ । यसरी सामाजिक ढाँचाको परिवर्तन श्रृङ्खलावद्ध रुपबाट कुनै एउटा पक्षमा परिवर्तन आउँदा अर्को पक्षमा प्रभाव पर्दछ ।

## ४.१.१.पुनमगरहरुले प्रयोग गर्ने भाषा

यस अध्ययनमा सबै उत्तरदाताहरुले खस भाषा (नेपाली) नै प्रयोग गर्ने गरेका छन् । ९८.८ प्रतिशतले बोलिचाली र अध्ययनमा नेपाली भाषा नै प्रयोग गरेका छन् । आफ्ना पूर्वजहरुले म्याग्दी, पर्वत तथा बाग्लुङमा बसाई सर्नु अघि खाम मगर भाषा बोल्ने गरेका थिए । नेपालको प्रजातान्त्रिक आन्दोलन र समाज विकासको परिवर्तनसँगै नेपाल सरकारले स्थानीय भाषा, भेषभूषा संरक्षण प्रवर्द्धन गर्ने नीति अख्तियार गरेको छ । नेपाल विविधतामा एकता भएकोले थुप्रै भाषाभाषीहरुको संरक्षण हुने थलो बनेको छ । इतिहास, संस्कृति, साहित्य र पर्यटक पर्यावरण र अध्ययन अनुसन्धानका लागि स्थानीय भाषाको जगेर्ना गर्ने नीति लिइएको र भाषाको आधारमा वर्गीकरण र भेदभाव नगरिने कानुनी प्रावधानसमेत छ । खाम मगर भाषा बोल्ने पुनमगरहरु अनुसन्धानको क्रममा जम्मा २ प्रतिशत मात्र पाइएको छ । यो भाषा लोप हुँदै गएको कुरा जानकारीमा आएको छ । जसलाई निम्न वृत्तचित्रमा उल्लेख गरिएको छ ।

<u>पुनमगरहरुले प्रयोग गर्ने भाषा</u>



## ४.१.२. धर्म

पुनमगरहरुको धर्मको बारेमा व्याख्या गर्दा निकै लामो इतिहास छ । पुन मगर लगायत अन्य मगरहरुको संस्कार र संस्कृतिलाई व्यवहारिक दृष्टिकोणबाट अवलोकन गर्दा सबै मंगोलियनहरु प्राकृतिक (बोन) धर्मका अनुयायी थिए । किनभने गाउँठाउँमा जहाँ ठुलो रुख या पानीको तलाउ छ जहाँ ठुलो ढुङ्गा छ, जहाँ पानी उब्जिएको छ, त्यो ठाउँमा ढुङ्गाको चारपाटे थान बनाएर चोखो पानी र दूधको धार, चामलको पिठो र बेसारले क्रस पारेर क्रसमा पातीको पात, पातमाथि चामलको रोटी त्यसमाथि दूधमा पकाएको खीर (नौवेद) रातो सेतो कपडाको धजा झुण्ड्याएर नौनी घिउमा मुछेको पातीको पात धुप हाली, पशुपंक्षीको बलि चढाई भोग दिइन्छ (पहरे पुन, २०६६:२६) । प्राचीन मगरहरु प्रकृति पुजारी र बोन तथा तान्त्रिक संस्कृतिमा विश्वास गर्दथे । त्यसपछि मगर समुदायमा बुद्ध धर्मका अनुयायी बने । पछि हिन्दुकरणको अवस्था सृजना भएपछि मगरहरु हिन्दूतर्फ ढल्के तर उनीहरुले पूर्खादेखिको चलन भने छोड्न सकेनन् । हिन्दू, मुस्लिम र ईशाई धर्म सबै नेपालका लागि आगन्तुक हुन् फरक यति छ कि हिन्दू खासगरी नवौं शताब्दीबाट नेपालमा जरा गाड्यो भने मुस्लिम धर्म रत्न मल्लको पालामा अर्थात पन्ध्रौं शताब्दीको अन्त्यतिर तथा ईशाई धर्म प्रताप मल्लको पालामा अर्थात सत्रौं शताब्दीको मध्यतिर प्रवेश गरेको हो ('पोखरेली' -नेपालका आदिबासीमा हिन्दुकरण, २०६१:५५) ।

बुद्धकालीन समयभन्दा पनि अघिबाट शुरुवात भएको पुन मगरहरुको प्राकृतिक बोन धर्म उनीहरुको व्यवहारले पनि प्रमाणित गरेको छ । करबाकेको बुबाको बेलामा पनि चराचुरुङ्गी रुखवृक्ष सबै बोल्दथे भनेका छन् । यसकारण मानव सभ्यताको प्रारम्भिक कालको चिनारीहरु पुन मगर समाजमा विद्यमान कायम रहिरहेको छ ।

यति लामो समयसम्म पनि संस्कार, संस्कृति, परम्पराको रुपमा रही आएको छ । यसरी प्राचीन कालको प्राकृतिक बोन धर्म आज एक्काइसौँ शताब्दीमा आइपुग्दा पनि लोप भएको छैन ।

पछिल्ला समयमा आएर उनीहरुले कुनै एक धर्मलाई मात्र राम्रोसँग पालना गरेका छैनन् । १०४ वर्षसम्मको राणाकालमा जनजातिलाई भारतमा भएका बृटिश इष्ट इण्डिया कम्पनीले नेपालीको इमान्दार र युद्ध कौशल देखेर प्रभावित भई नेपालीहरुलाई भर्ती गर्न शुरु गरे र उसको फौजी अभिलेखमा हिन्दु भनी लेखियो । यसरी नेपाली जनजातिहरुलाई हिन्दु हुन बाध्य पारियो । यसरी मगरहरुको धर्म संस्कार र संस्कृतिमाथि ठूलो अतिक्रमण भएकाले, आर्थिक, राजनीतिक, सामाजिक र धार्मिक क्षेत्र तहस नहस भएको कारण एक हदसम्म बृटिश सरकार पनि दोषी देखिन्छ ।

## ४.१.३. पुन मगरहरुले प्रयोग गर्ने भेषभुषा

नेपालमा बसोबास गर्ने कुनै पनि जातजाति, जनजातिहरुको भेषभूषा भौगोलिक बनावट र हावापानी अनुकूल पाइन्छ । हिमाली क्षेत्रमा बस्ने नेपालीहरु त्यहाँ अति चिसो हावापानी हुने भएकाले भेडा च्याङ्ग्रा, बाखाको ऊनबाट बनेको कपडाहरुको प्रयोग गर्दछन् । वर्तमान स्थितिको मूल्यांकन गर्दा आधुनिक ढङ्गको नयाँ लत्ताकपडाको प्रयोग गरेको पाइन्छ । तराईमा बस्ने नेपालीहरुको हकमा त्यहाँको हावापानी अलि गर्मी हुनाले साधारण हल्का प्रकारको लुगा धोती या पाइजामा प्रयोग गर्दछन् । पहाडी भागमा बस्ने नेपालीहरुको पोशाकमा धेरै फरक छ । जाडो र गर्मीको लुगा बराबरी हुनु आवश्यक पर्दछ । पुन मगरहरु विशेष गरेर

हिमाली भू-भागको आसपासमा बढी मात्रामा बस्ने भएकाले उनीहरुको भेषभूषा भिन्दै किसिमको छ ।

### ४.१.३.१. पुरुष

पहिले गाउँमा बस्दा पुरुषहरु सुतीले बुनेको गाँदो, हाफ दौरा, कछाड, भादगाउँले टोपी तथा कसैकसैले पटुका बाँध्ने र भोटोसमेत लगाउने गर्दथे । हाल वैदेशिक सेवा र रोजगारीमा लागेपछि आयस्रोत वृद्धि भएकोले परम्परागत लुगाहरु जुनसुकै बेला लगाउँदा नराम्रो देखिने हुँदा शहरमा प्राप्त विभिन्न कम्पनीका कपडाहरु लगाउने गरेका छन् । त्यस्ता कपडामा सर्ट, पाइण्ट, कोट, सुट सेट पर्दछन् । यसका अलावा शहरमा उपलब्ध हुने तयारी कपडाहरु मौसम अनुसारका ज्याकेट, स्वीटर लगाउने गर्दछन् । पुन समाज पोखराले आयोजना गरेको विभिन्न कार्यक्रमहरुमा जाँदा पुरुषहरु गाँदो, सेतो कछाड, हाफ दौरा, सेतो सिङ्गापुरे पेटी तथा पकेट व्याग समेतको पेटी, भादगाउँले टोपी, कालो जुत्ता, सेतो मोजा, कालो या रातो आस्कोट, हाफ बाहुले सेतो सर्ट लगाएर जाने गरेकोले आफ्नो जातिय मौलिक परम्परा र संस्कृतिलाई पहिचान दिँदै संरक्षण गर्दै आएका छन् ।

### ४.१.३.२. महिला

ग्रामीण क्षेत्रमा बसोबास गर्दा पुन मगर महिलाहरु छिटको गुन्यू, चोलो, डोरी, पछ्यौरा, पटुकी र टेकी लगाउने गर्दथे । पछिल्लो समयमा आएर श्रीमान्, भाइ, भतिजा, छोराहरु विदेशी सैनिक सेवामा रहेका र कोही वैदेशिक सेवामा रहेकाहरु छुट्टीमा घर फर्कंदा आफन्तहरुलाई केही न केही चिनोको रुपमा लत्ता कपडा ल्याइदिने र नल्याएमा पोखरामा नै किनिदिने चलन छ । यसैगरी पोखरामा रहेका

अन्य जातजातिहरुले लगाउने लुगाको शैलीबाट पनि प्रभावित भएर गर्मी तथा जाडो मौसम अनुसारका सुती र ऊनीका कपडाहरु सारी, कुर्ता सुरुवाल, सर्ट, टिसर्ट, कोट, ज्याकेट आदि बजारमा उपलब्ध तयारी फेन्सी कपडाहरु लगाउने गर्दछन् । आफ्नो समाजले आव्हान गरेको कार्यक्रम तथा विशेष पर्वमा आफ्नो संस्कृति झल्काउने खालका पोशाक लगाउने गर्दछन् । जसमा मखमली रातो चोलो, छिटको गुन्यू, निलो रङको पटुकी, कालो टेकी, रातो मुगा, हरियो पोते, हरियो या कलेजी रङको मलिनाको च्यादर पर्दछन् । यसरी अन्य जातिहरुको भन्दा फरक पोशाकमा पुन मगर महिलाहरु देखिन्छन् ।

आफ्नो भाषा, भेषभूषा, धर्म, परम्परा, संस्कार, संस्कृति कुनै पनि जातजातिले आफ्नै मौलिकतालाई प्यारो मानेको हुन्छ । आफ्नो धर्म, भाषा र संस्कार नभएको मान्छे एउटा पशुसरह हुन जान्छ ।

## ४.१.४. पुन मगरहरुले प्रयोग गर्ने गरगहना

गहनाले पुरुष र महिला दुवैलाई सुन्दर बनाउँछ । यसैले पुन समुदायका पुरुष तथा महिलाले लगाउने गहना सबैको परम्परागत र आधुनिक रुपमा एउटै भएकोले यहाँ तल व्याख्या गरिएको छ ।

### ४.१.४.१. पुरुष

यस समुदायका पुरुषहरु गाउँमा बस्दा हातमा चाँदीको बाला, कानमा चाँदी र सुनको दुर्वुली लगाउने गर्दथे । हाल आएर पुरुषहरु त्यस्तो गहना लगाउँदा भद्दा र असभ्य देखिएको ठानी शहरमा पाइने आधुनिक सुनका तयारी गहना सिक्री, बेरुवा र पत्थरी औंठी तथा हातमा सुनको चेन आदि लगाउने गर्दछन् ।

### ४.१.४.२. महिला

महिलाहरु पहिले कानमा सुन, नाकमा बुलाँकी, घाँटीमा चाँदीको जन्तर, चाँदीको हमेल, मारवाडी रैंया, ढुङ्ग्री, काँडे बाला, यार्लिङ, छापे औंठी, नौगेडी, चन्द्रमा आदि सुन या चाँदीका परम्परागत खालका गहनाहरु लगाउने गर्दथे ।

अहिले आएर उक्त गहनाहरु भद्दा र नराम्रो देखिने, समाजका अन्य जात जातिले समेत प्रयोग नगर्ने भएकोले बजारमा उपलब्ध तयारी हल्का तथा आकर्षक खालका गरगहनाहरु प्रयोग गर्न थालेका छन् । त्यस्ता गहनाहरुमा सुनको सिक्री, चेन, मंगलसूत्र, टप, हार, सुनको हमेल, चाँदीको पाउजू, पत्थरी औंठी, रीङ, तिलहरी आदि पर्दछन् ।

अध्ययन क्षेत्रका महिला र पुरुष दुवैले परम्परागत रुपमा प्रयोग गर्ने गरगहनाहरुलाई परिवर्तन गरी शहर बजारमा उपलब्ध आधुनिक डिजाइनका गरगहनाहरु लगाउन थालेका छन् । आधुनिक डिजाइनका गहना हल्का र राम्रो देखिने भएको हुँदा त्यस्ता गहनाहरु लगाउन थालिएको धारणा उक्त समूहका महिलाहरु व्यक्त गर्दछन् ।

### ४.१.५.खानपान

मानिसको खानपिनमा भौगोलिक अवस्था, उत्पादन, आर्थिक अवस्था, सामाजिक अवस्था, धार्मिक मूल्य मान्यता आदिले प्रभाव पारेको हुन्छ । पुनमगरहरु लेकाली भू-भागहरुमा धेरै बस्ने भएकोले खानामा विविधता पाइन्छ । तापनि यिनीहरुको खानामा जाँड, रक्सी र मासुको बढी प्रयोग भएको देखिन्छ । हरेक जनजातिलाई जाँड आवश्यक परेझैं यो जातिलाई पनि जाँड त्यतिकै मात्रामा

आवश्यक पर्दछ । तिर्खा लाग्दा मही र जाँड विशेष गरेर खाने यो जाति, जाँड नै खाएर झगडा गर्ने प्रवृत्तिका चाहिँ हुँदैनन् । विभिन्न अन्नको जाँड बनाउँदा शहरतिर औषधी राख्ने गरिन्छ तर गाउँघरमा यसरी औषधी राखिदैँन । त्यसैले गाउँघरको जाँड नै छुट्टै प्रकारको मिठो र स्वादिष्ट हुन्छ । कूल पूज्दा समेत जाँडको आवश्यक पर्दछ । गाउँघरमा पाहुनालाई शुरुमै सत्कार गरिने चीज नै जाँड हो । 'अतिथि सत्कार, चाडपर्व, जन्मदेखि मृत्युसम्म सबै उत्सव र संस्कारहरुमा जाँड, रक्सी, मासुको प्रयोग गर्छन् । मृतकको नाममा नुन बारेपनि रक्सी खानुपर्छ । यिनीहरु पितृलाई पनि रक्सी चढाउँछन्' (तिलिजा, अन्तरवार्ता, २०७६) ।

खाद्य परिकारमा स्थानीय उत्पादनको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । ढिंडो, सिस्नो, फापर/कोदोको रोटी, सिन्की/गुन्द्रुक, रातो चामलको भात आदि पुनमगरका दैनिक खाने खानाहरु हुन् । (पुनमगर, अन्तरवार्ता, २०७६) ।

## ४.१.६.मगर समुदायका चाडपर्व तथा पूजाआजाहरु

साधारणतया पुनमगरहरुले मान्दै आएका चाडपर्वहरुमा माघे सङ्क्रान्ति, वसन्त पञ्चमी, चैते दशैं, चण्डी पूजा, साउने सङ्क्रान्ति, कृष्णाअष्टमी, तीज (झोरा स्याहाके), बडा दशैं, तिहार आदि चाडपर्वहरु प्रमुख रुपमा मनाउँछन् । दशैंमा माइतीले छोरी कुटुम्बलाई निम्तो गरी मानु खुवाउने गर्दछन्, भने तिहारमा छोरी कुटुम्बले माइतीलाई निम्तो गरी मानु खुवाउने र सयपत्री फूलको माला र टोपी लगाइदिन्छन् ।

पूजाआजामा चण्डी पूजा, पितृ पूजा, मण्डली पूजा, बाजेबज्यै पूजा, बराही पूजा, भूयाँर पूजा, कूल पूजा प्रमुख हुन् भने अन्य पूजाआजामा माई पूजा, नाग पूजा,

झाँक्री, शिकारी, मरी (बायु) पूजा, मसान वा भूत पूजा, हरेलो आदि पूजाआजाहरु मगर समुदायमा प्रचलित छ ।

मगर समुदायको चाडपर्व र पूजाआजाहरुमा संस्कृतिकरणको गहिरो छाप भेटिन्छ । तर पनि उनीहरुको परापूर्व कालदेखि चलिआएको आफ्नोपन पनि छोड्न सकेका छैनन् ।

## ४.१.७.मगरहरुको गीत तथा नाचगानहरु

मगरहरु कौर्हा (चुड्का), रोदी, झाउरे, सोरठी, घाँटु, यौनाट, ओहली, ज्यानै, जिवैमामा नाच, झोरा नाच, हुर्रा नाच आदि नाचगानहरु मगर समुदायमा पाइन्छ भने यानीमाया, सुनीमाया गीत, ठाडो भाका गीत, तेर्सो भाका गीत, दोहोरी, साली ज्यू गीत, रोइला, असारे आदि गीतहरु पनि पाइन्छ । मगरहरुका गीत र नाचगानहरु प्राय मौसमी हुने गर्दछन् ।

हिजोको ग्रामीण परिवेशमा जसरी एकअर्काले हेरेर, देखेर, सुनेर सिक्ने वातावरण थियो तर आजभोलि पोखरामा विभिन्न तालिमहरुको आयोजनाबाट मात्र एकले अर्कोबाट सिक्ने र सिकाउने परिस्थितीको सृजना हुँदै आएको छ । नदीपुर समाज घर तथा अर्चलबोट समाज घरमा विभिन्न चाडपर्व तथा कार्यक्रमहरुमा देखाइने नाचहरुको तालिम बेलाबेलामा दिइने गरिएको पाइयो (पुन पुर्जा, अन्तरवार्ता, २०७६) ।

## आशिष दिँदा गाइने गीत

गिरिहको पितरले हो ....२

देऊ न आशिक हे........हे........हे

जेठा रामचन कान्छा कुल हो .........२

देऊ न आशिक हे........हे........हे

खयरैको भरानीले ........२

देऊ न आशिक हे........हे........हे

काठमाडौँको पशुपति ........२

देऊ न आशिक हे........हे........हे

विन्ध्यवासिनी दुर्गा माई......२

देऊ न आशिक हे........हे........हे

## दुःखमा गाइने गीत

दियो बत्ती जलाई देउ राजै - हाई
जलाई देउ राजै
मनुवाको हंशै जानु पो लायो रे राजै - हाई
जानु पो लायो रे राजै - हाई
हात खुट्टा लथ्रक्कै पऱ्यो राजै - हाई
लथ्रक्कै पऱ्यो राजै - हाई

# परिच्छेद - पाँच

## पोखराका पुनमगरहरुको सांस्कृतिक अवस्था

### ५.१. सांस्कृतिक अवस्था

समाज र संस्कृतिबिच अन्योन्याश्रित सम्बन्ध भएकोले एउटाको प्रभाव अर्कोमा प्रत्यक्ष पर्दछ । समाज परिवर्तन हुनु भनेको सामाजिक संघ, संस्था, पारिवारिक संरचना, सम्बन्ध, पद र भूमिका आदिमा आउने परिवर्तन हो भने सांस्कृतिक परिवर्तन भनेको व्यवहार शैली, मूल्य मान्यता, खानपान, लवाई खवाई, भाषा, साहित्य, धर्मलगायत अभौतिक संस्कृतिमा आउने परिवर्तनलाई मान्न सकिन्छ । त्यसैले कुनै एउटा पक्षमा परिवर्तन आउँदा अर्को पक्षमा पनि परिवर्तन आउँदछ ।

समाजमा नयाँ प्रविधिको प्रयोगले औद्योगिकरणको विकासका साथै शहरीकरण र नगरको विस्तार हुन्छ । उत्पादनमा वृद्धि भई सामाजिक सम्बन्ध, पारिवारिक संरचना, विवाह मान्यता, सामाजिक ढाँचा, संगठन र संरचनामा समेत परिवर्तन आउँदछ । धर्मले सामाजिक सम्बन्धमा परिवर्तन ल्याउँदछ र संस्थाहरुको जन्म हुनसक्छ । सांस्कृतिक पक्षमा रहेका विभिन्न चलन र मान्यताले सामूहिकता र पारस्परिकतालाई बढावा दिन्छ । जसले आर्थिक विकास गर्न र सामाजिक व्यवहार तथा सम्बन्धमा समेत परिवर्तन ल्याउन सक्छ । खास ठाउँमा अवस्थित सामाजिक र सांस्कृतिक पक्षहरु अंगालेका मानिस नयाँ ठाउँमा बसाइँ सराई गर्दा औपचारिकताको विकास हुने, परम्परागत नेतृत्व शैली र आफ्नो राजनैतिक हकहितका लागि संगठन

गर्ने तथा एक आपसमा सम्बन्धको विस्तार हुन्छ, जसबाट सामाजिक आर्दश, नियम र शैलीमा परिवर्तन आउँछ ।

यस शोधपत्रका मुख्य स्रोत म्याग्दी, पर्वत र बाग्लुङका विभिन्न स्थानबाट विविध सामाजिक र सांस्कृतिक विशेषता बोकी शिक्षा, रोजगारी, स्वास्थ्य र अन्य भौतिक सुविधाको खोजीमा पोखराका विभिन्न स्थानहरुमा बसाइँ सरेका पुन समूहका लगभग ६०० घरधूरीमध्ये ९० घरधूरी हुन् (तिलिजा, अन्तरवार्ता, २०७६) । पहिला संयुक्त परिवारमा बस्ने पुनहरु एकात्मक परिवारलाई अंगालेका छन् । खरको छाना, ढुङ्गाको छाना र परम्परागत शैलीका झ्याल र ढोका भएको घरमा रहनेहरु अहिले आर.सि.सि. ढलान घर, ठुला साइजका भेन्टिलेसनयुक्त घरमा बस्न थालेका छन् । विदेशी सेना र वैदेशिक रोजगार नै आम्दानीको मुख्य श्रोत भएकोले आफ्ना बालबच्चाहरुलाई सुविधासम्पन्न सरकारी तथा निजी बोर्डिङ स्कुलमा पढाउन थालेका छन् । शहरिया वातावरणको प्रभाव परी आधुनिक शौचालयको प्रयोग, निजी खानेपानी धारा, परम्परागत लवाइखवाईबाट परिवर्तन हुँदै नयाँपनलाई अँगालेका छन् । सामाजिक संघ संस्थाहरुसँग आवद्ध भई स्थानीय समुदायको विवाह, पास्नी तथा धार्मिक क्रियाकलापमा समेत सामेल हुने आफ्नो पर्दा पनि निमन्त्रणा गर्ने चलन चलाएका छन् । यसबाट सांस्कृतिक घुलमिल हुँदै आपसी सम्बन्ध र भाइचारामा समेत वृद्धि हुँदै गएको छ (पुन, अन्तरवार्ता, २०७६) ।

## ५.२. पुन मगरहरुले मनाउँदै आएका चाडपर्व तथा संस्कारहरु

हिन्दू धर्म मान्दै आएकोमा शहरको बसाई र अन्य धर्महरुप्रतिको प्रभावले बौद्ध र क्रिश्चियन धर्म पनि मान्ने गरेका छन् । हिन्दू र बौद्ध धर्म मान्नेहरुले ब्राम्हण विधिद्धारा नै जन्म संस्कार र काजक्रिया गर्ने गरेका छन् भने क्रिश्चियन धर्म

मान्नेहरुले उक्त संस्कार त्यागेका छन् । दशैँ, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, भूमे पूजा, बराह पूजा, कूल पूजा आदि विशेष रुपमा मनाउने पुन समुदायहरुले बजार बसाइँ सरिसकेपछि यहाँको हरेक जातिले मनाउँदै आएका उत्सव महोत्सव, धार्मिक कार्य तथा चाडपर्वहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुँदै आएका छन् । तरपनि आफ्नो परम्परा, धर्म र संस्कृति, भेषभुषाहरुलाई बेला र मौकामा प्रयोग गर्दै आएको देखिन्छ । घरको पछाडि प्रायः पुनहरुले निगाला, मयरुको रुख, पाती, जस्ता पूजाको लागि आवश्यक पर्ने कुराहरु सारेर पुजाआजामा चलाउने गरेका छन् किनकी पुन समाज पोखरा नगर कमिटीले र सात क्षेत्रमा रहेका पुन मगरहरुको लागि कुनै करकापमा धर्म संस्कारमा रोकतोक गरेको पाइँदैन । राज्यले पनि संविधानमा धर्म निरपेक्ष घोषणा गरेको हुनाले हामीको भावनामा भित्र रहेर पनि व्यक्तिको इच्छा चाहना अनुसार धर्म, चाडपर्वहरु मनाउँदै आएका छन् तर पनि यसले अप्रत्यक्ष धर्म, संस्कृतिप्रति बाधक बनेको छ जुन परम्परागत चल्दै आएका संस्कृतिमा शहरी जीवन शैलीमा पर्यावरणीय दृष्टिले पनि असम्भव हुँदै आएको देखिन्छ ।

संस्कार परम्परादेखि चलिआइरहेको निर्विवाद र सर्वमान्य चलन हो । जुन हरेक जातजातिमा फरक फरक हुन्छ । ठाउँ विशेषले एउटै जातिभित्र पनि अलि फरक हुनु स्वभावकि हो । संस्कार, व्यक्ति जिउने आफ्नै प्रकारको एउटा पद्धति हो । अझ भनौं संस्कार, व्यक्ति जिउने एउटा नियम हो । यो दरसन्तान मौखिक रुपमा हस्तान्तरण भई आइरहेको छ । मौखिक रुपमा रहेको हुँदा ठाउँ र व्यक्ति अनुसार यो कहिले काहीँ परिवर्तन हुन्छ । जसको कारण फरक ठाउँमा अलि फरक संस्कार जीवित हुन आउँछ । यद्यपि मूलभूत रुपमा एकरुपता चाहिँ अवश्य कायम रहन्छ । रीतिथिति र संस्कारहरुको व्यक्तिगत उन्नति, सामाजिक सुव्यवस्था सुनिश्चित गर्न

महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यो परम्परागत ज्ञान हासिल गर्ने विशिष्ट क्षेत्र पनि हो (पुन, २०७३:१३७) ।

पुन समाजमा जन्मदेखि मृत्युपछि सम्म गरिने विभिन्न संस्कारहरु मौलिक रुपमा आफ्नै प्रकारको छ । पुन समाजमा कुटुम्बबाट सबै कार्य सम्पन्न गरिन्छ । आजभोलि शहर बजारमा हिन्दू संस्कारबाट प्रभावित भएर बाहुनबाट पनि कर्मकाण्ड गरिन्छ । संस्कार र संस्कृति एक डाँडा पल्लोपट्टि, अलि परको गाउँ वा खोलाको अर्को पट्टि अलि फरक रुपमा गर्ने गरिएको पाइन्छ । अर्थात त्यहाँको परिस्थितिले गर्दा संस्कार पनि त्यही अनुरुप फरक तरिकाले गर्ने गरिन्छ । संस्कार कसरी बसेको हुन्छ भन्ने बारे एउटा सानो उदाहरण यस्तो पनि छ । एउटा बाहुनले एउटा घरमा संस्कार गर्ने क्रममा त्यस घरको बिरालोले संस्कार गर्ने क्रममा राखिएको सरसामाग्रीहरु खान्छ/छुन्छ वा जुठो पार्छ भनेर त्यस घरको बिरालोलाई बाँधेर संस्कार कार्य गरेको रहेछ । त्यो देख्ने मान्छेले त्यो बिरालो किन बाँधिएको हो भन्ने कुरा बुझ्ने प्रयास नगरिकन संस्कार कर्म गर्दा बिरालो बाँधेर गर्नुपर्ने रहेछ भन्ने सोंचाई गरि अन्य ठाउँमा संस्कार गर्दा बिरालो छेउमा बाँधेर गर्न थालिएछ । यो कार्य चलिरहँदा कालान्तरमा जसरी पनि बिरालो खोजेर संस्कार गर्ने ठाउँमा बाँधेर गर्ने कार्य शुरु भएछ । यस्तै हुन्छ - हामीले के किन गरिएको हो भन्ने कुरा नबुझेर संस्कार गर्दा जसरी पनि बिरालो खोजेर छेउमा बाँधेर गरिए जस्तै हुन्छ । यसर्थ आफ्नो समाजभित्र विगतमा कसरी संस्कार गरिएको छ  र त्यसको अर्थ के हो भन्ने कुरा राम्रोसँग बुझेर मात्र संस्कार गरेमा राम्रो हुन्छ । मौलिक रुपमा पुन मगरले गर्दै आइरहेको कर्मकाण्ड समय अनुसार केही फरक भएपनि मूलभूत रुपमा निम्न प्रकार छ ।

## ५.२.१. न्वारन

आमाको गर्भमा बच्चा रहँदा घरको परिवार लगायत भाई खलकमा मुर्मी (जुठो) लाग्ने हुनाले पूजाआजा साथै वन जंगल गई शिकार गर्ने, मह काढ्ने सबै काम रोक्नुपर्दछ । समाजमा जब कुनै बच्चाले जन्म लिन्छ । बच्चाको नाइटो देखि तीन औँला छोडेर सुता धागोले नाललाई बाँधेपछि खई नलागेको कैँची, ब्लेडले काट्ने काम सुडेनीले गर्दछ । नाल काटेपछि बेसार र घ्यू दलेर काटेको ठाउँमा लगाई दिएमा घाउ पाक्दैन भन्ने चलन गाउँघरमा छ । आमाको कोखबाट साल झरेपछि त्यसलाई कसैले नदेख्ने ठाउँमा गाडिदिनु पर्छ (तिलिजा, अन्तरवार्ता २०७६) । सुत्केरी आमा र बच्चा बस्नको लागि विशेष कोठाको व्यवस्था गरिएको हुन्छ । यो कोठा अलि तातो, हावा नपस्ने खालको छनौट गरिन्छ र कोठाभित्र कसैलाई प्रवेश गर्न दिइँदैन । नानी जन्मँदा वंश वा खलकका सबै नातागोता अशुद्ध भएको मानिन्छ । त्यसकारण यस समयमा जुठो परेको हुँदा नातागोतामा धार्मिक कार्य (पूजापाठ, विवाह) र खेतबारीमा बिऊबिजन छर्नु पनि हुँदैन । बच्चा र आमालाई सामान्यतः सुडेनीबाट मात्रै व्यवहार गर्ने/गराउने चलन छ । यस अवधिमा हरेक दिन स्थानीय जातको कुखुराको मासु विशेष प्रकारले जुवानो राखेर झोल बनाई सुत्केरीलाई खुवाइने गरिन्छ (पुन, २०७३:१३९) ।

बच्चा जन्मेको प्रायः ३ देखि ११ दिनमा न्वारन गर्ने गरिन्छ । न्वारन गर्नु पूर्व सुडेनीले बच्चा र नानीको आमालाई नुहाई धुहाई गराई बस्ने ठाउँ, लत्ताकपडा सबै सफा गरिसकेपछि आमा र बच्चालाई घरको सदस्यले सुन पानी छर्केर चोख्याउने कर्म गरिन्छ । यसपश्चात् बच्चालाई घरको मूल मान्छेलाई खेलाउन दिइन्छ । त्यसपछि भाले काटेर तयार पारिएको शिकार, रक्सी, भात जम्मा गरि बायो (पितृ)

लाई चढाउने गरिन्छ । अनि बच्चाको बाबा वा आमाले नानीलाई हात, खुट्टा, घाँटी र कम्मरमा बेसार लगाएको धागो बाँध्ने चलन रहेको छ । यसो गर्नुको अर्थ नयाँ जन्मेको बच्चा आजबाट यस कूल वा वंशजको भयो भनेर जानकारी गराएको हो र बच्चाको नाम राख्ने छोरा या छोरीलाई कान छेड्ने कार्य गरिन्छ । परिवारका सदस्य र उपस्थित पाहुनाहरुलाई खानेकुरा खुवाएर न्वारनको कार्यक्रम सकिन्छ ।

## ५.२.२. बच्चाको नामकरण

पहिले पहिले मगर समाजमा बच्चा जन्मेको बार, दिन, महिना र स्थान आदिको आधार मानेर नाम राख्ने चलन रहेको थियो । जुन बार वा महिनामा जन्मिएको हो त्यसको शुरुको अक्षर लिएर पनि नाम राख्ने गरिन्थ्यो । आजभोलि शहरतिर बसाईंसराईसँगै हिन्दू, धर्म, संस्कारको प्रभावले गर्दा पण्डित बाजेलाई बोलाउँदै साइत, नक्षत्र, ग्रह हेराएर नाम जुराउने चलन व्यापक भएको छ । साथै पण्डितले हिन्दू देवी, देवता वा त्यससँग मिल्दो जुल्दो नाममा नाम राख्ने गरेका छन् । जस्तैः सीता, गीता, राम, लक्ष्मण, लक्ष्मी, शोभा, कमल आदि (तिलिजा, अन्तरवार्ता, २०७६) ।

## ५.२.३. छैठी

पुन समाजमा बच्चा जन्मेको छैठौं दिनको मध्यरातमा भावीले बच्चाको भाग्य लेख्न आउँछन् भन्ने विश्वास रहेको हुँदा रातभरि नै रमाइलो गरि बस्ने चलनलाई छैठी जगाउने भनिन्छ । उक्त रातमा घरको अभिभावकले बच्चाको सिरानमा एउटा थालीमा १ माना चामल वा नौ मुठी चामल, भेटी राखेर बत्ती बालेर राख्ने गर्दछन् । सो बत्ती रातभर बल्नुपर्छ भन्ने मान्यता रहेको हुँदा बत्तीलाई बिशेष हेरचाह गरि

राख्नुपर्छ । रातभरि नाचगान गर्ने महानुभावहरुलाई खाने पिउने (जाँड रक्सी) व्यवस्था गरिएको हुन्छ । पुरानो चलन अनुसार राखिएको चामलको भात पकाएर खाने चलन थियो । आजभोलि उक्त चामल र केही थप पैसा राखेर दीन दु:खीहरुलाई बच्चाको नाममा दान दिने चलन रहेको छ । यसरी रात काटेपछि छैठी जगाउने कार्यक्रम समाप्त हुन्छ (पुनमगर, अन्तरवार्ता, २०७६) ।

## ५.२.४. बाहिर निकाल्ने कार्य

समाजमा बच्चा जन्मेको ११ औं दिनसम्म बाहिर निकाल्ने चलन छैन । छेउनेभेउनेले असर गरि बिरामी गराउँछ भन्ने मान्यताले यसो गरिएको हो र ११ औं दिनमा बच्चाको नाममा खाजा बनाएर प्रसादको रुपमा स-साना नानी माझ बाँडिन्छ । बच्चालाई डोकोमा हालेर बाहिर निकालिन्छ भने कतै कतै ३ दिनमा न्वारन गरि बाहिर निकाल्ने कार्य गरिन्छ (पुनमगर, अन्तरवार्ता, २०७६) ।

## ५.२.५. भात खुलाई कार्यक्रम (पास्नी)

बढ्ने उमेरको बच्चालाई केही महिना पश्चात् आमाको दूधले मात्र नपुग्न सक्छ । पुर्ख्यौली मान्यता अनुरुप समाजमा छोरी जन्मेको भए ५ महिना लाग्दा र छोरा जन्मेको भए ६ महिना लाग्दा अन्न खुवाई दिने चलन रहेको छ । साथै भात खुलाउनुभन्दा अगाडि परम्परा अनुसार छोरालाई कान छेडिन्छ भने छोरीलाई नाक, कान छेडिने चलन रहेको छ । नाक, कान छेड्दा सियोको प्रयोग गरि छेडिएको ठाउँमा नपुरियोस् भनि ऊनीको धागो छिराएर राख्ने गरिन्छ । पछि स्थिति अनुसार छोरा मान्छेहरुले दुरबेली र छोरी मान्छेहरुले गहना लगाउन सजिलो हुन्छ ।

- शुभ दिन तोक्ने । तोकिएको दिनमा घरदैलो विशेष रुपमा सरसफाई गर्ने । उक्त दिन आफ्नो कुल देवताको नाममा बास्ने भाले काटेर अगेनामा पूजा गर्ने ।
- थालीमा एक माना चामल, फलफुल नाङ्लोमाथि राख्दै बत्ती बाल्ने ।
- तीन माना चामल पकाएर टपरीमा राख्ने ।
- भालेको एउटा सिङ्गो साँप्रा बच्चाको लागि पकाउने ।
- आमन्त्रित पाहुनाहरुको संख्यालाई ध्यानमा राख्दै खसी वा राँगो काट्दै भात पकाउने ।
- त्यस दिन घरमा पकाएको सम्पूर्ण खानाका परिकार घरको मूल मान्छेले पातमा राखेर बायोलाई चढाई दिने । छेउने भेउनेहरुलाई समेत टपरीमा राखेर बाटोमा लगेर राखिदिने ।
- आमा र बच्चा दुवै जनाले नुहाएर नयाँ कपडा लगाउने । विशेष गरि बच्चालाई नयाँ सेतो कपडाको ठाडो भोटो लगाई दिने ।
- बच्चालाई चाँदीको बाला, कानमा सुनको मुन्द्री लगाई दिने ।
- जुराएको दिशातर्फ फर्केर आमाले बच्चालाई काखमा राखेर बस्ने ।
- छोराको लागि कन्या केटा र छोरीको लागि कन्या केटी नाम राशी मिलाएर दहीमा मुछेको चामलको टिका बच्चालाई लगाइदिँदै अन्न चखाईदिने ।
- यसरी परिवारको व्यक्ति हुँदै आमन्त्रित पाहुनाले समेत बच्चालाई आशिष दिँदै टिका लगाई दिँदै भात खुलाई दिने र गच्छे अनुसारको नगद बच्चाको हातमा राखिदिने ।

) बच्चा जन्मेपछि स्याहार सुसार गर्दा सुडेनीले निकै दुःख गरेको हुन्छ । त्यसैले भात खुलाईको दिन सुडेनीलाई मिठो-मिठो खुवाउने, लत्ता कपडा दिएर खुशी पार्ने चलन रहेको छ ।

## ५.२.६. विवाह

विवाह सामाजिक पवित्र बन्धन हो । केटा र केटी बिच जीवनभर एकसाथ रहेर सुख, दुःखमा सँधै एक भएर संघर्ष गर्ने भनी बाँधिने यो एक विशेष सामाजिक कर्म हो । स्वतन्त्रतापूर्वक जीवन निर्वाह गरिरहेको मानिसको जीवनमा विवाह पश्चात् जिम्मेवार अभिवृद्धि हुनुको साथै समझ्दारीपूर्वक जीवन निर्वाह गर्न व्यक्ति सचेत हुनुपर्दछ ।

विवाह पश्चात् केटी मान्छेको भूमिका झन् जिम्मेवारपूर्ण हुन्छ । नौलो ठाउँ र नौलो परिवेशमा आफुलाई समावेश गर्दै वातावरण अनुकूल रहेर परिस्थितिलाई समेत अध्ययन गरि सबैसँग मिल्नुपर्दछ । त्यसैगरि केटाले पनि नयाँ वातावरणमा हुर्केको केटीलाई आफ्नो गाउँको परिवेश बुझाउने र मानिसको व्यवहार बारे सम्झाउने कार्य गर्नुको साथै उसलाई जीवनभर साथ दिन तत्पर हुनको लागि आफुलाई तयार राख्नुपर्दछ । पुन मगर जातिभित्र यो ठुलो यो सानो जात भन्ने चलन छैन । सबै थरहरु बिच बिना रोकटोक सामाजिक रीतिथिति अनुरुप विवाह गर्न मिल्दछ । पुन मगरभित्र थर एउटै हुनु हुँदैन र नजिकको नातागोता साइनो लाग्ने बाहेक अन्य सबै थरबाट केटी ल्याउन सकिन्छ । जस्तै फगामी थरको पुन मगरको नजिकको साइनो बाहेक अन्य पुन मगर भित्रको थरको कन्या केटीसँग विवाह गर्न मिल्दछ । यसमा कुनै सामाजिक बन्देज छैन । यस समाजमा विवाह निम्न अनुसार गरिन्छ :

### १) पुनमगरहरुको मागी विवाह

यस विवाहलाई मगरहरु लगन्या विवाह पनि भन्दछन् । यस विवाहमा केटीको घरमा दहीको ठेकी लिएर केटा पक्ष जान्छ । प्रस्ताव स्वीकृत भएमा ठेकी केटी पक्षले राख्दछन् । प्रस्ताव स्वीकृत भएमा केटीलाई केटाको साथै पठाईन्छ । तर आजकल हिन्दुकरणले गर्दा ब्राम्हणको जस्तै जन्ती आई लिएर जाने चलन बढेको छ । केटीलाई केटासँगै पठाएपछि ढोगभेट फुकाउने कार्यक्रम राखेर विवाहको रीत पुरा गरिन्छ ।

### २) पुनमगरहरुको प्रेम/भागी विवाह

मगर समुदायमा धेरैजसो मागी विवाह भन्दा पनि प्रेम/भागी विवाह बढी हुने गर्दछन् । यस्तो विवाहहरुमा केटा पक्षले केटी पक्षकहाँ ३ दिनभित्र दहीको ठेकी लगी वा नलगी छोरी लगेको खबर दिइन्छ । यस्तो विवाहमा माइती पक्ष असन्तुष्ट भएमा केटी खोस्न आउने चलन पनि छ । यस्तो चलनमा माइती पक्षलाई तर्साउन बन्दुक पड्काउने गरिन्थ्यो, पछि यही चलन मगरको विवाहमा बस्यो ।  आज पनि मगरहरु विवाहमा बन्दुक पड्काउने गर्दछन् (पुन, अन्तरवार्ता, २०७६) ।

## ५.२.७. दाइजो प्रथा

पुनमगरहरुमा वैवाहिक कार्य गर्दा दाइजो दिने प्रचलन छ । दाइजो स्वरुप साधारण जिन्सी सामान दिने चलन थियो । हाल आएर यो व्यवस्थामा परिवर्तन भएकोले जिन्सीको अलावा नगद, सुन, घर घडेरीसमेत दिने गरेका छन् । जसलाई निम्न तालिकाद्वारा विश्लेषण गरिएको छ ।

पुनमगरहरुमा दाइजो प्रथा

| दाइजो | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जिन्सी | ८० | ९६.३८ | ३० | ३६.१४ |
| नगद | ० | ० | ३२ | ३८.५५ |
| चलन छैन | ३ | ३.६२ | २१ | २५.३१ |
| कुल | ८३ | १०० | ८३ | १०० |

*स्थलगत अध्ययन, पोखरा- २०७६ ।*

उपरोक्त तालिका अनुसार पुनमगर समूहमा पहिला साधारण जिन्सी सामान विवाहमा दाइजोको रुपमा दिने चलन थियो भन्ने उत्तरदाता ९६.३८ प्रतिशत छन् । हाम्रो समाजमा दाइजो दिने चलन थिएन भन्नेहरु ३.६२ प्रतिशत रहेका छन् । शहरमा आएपछि अन्य जाति (ब्राम्हण, क्षेत्री, नेवार) आदिको संस्कारको प्रभावले विवाहमा जिन्सी सामान दाइजो दिने चलनमा कमी आई नगद दाइजो दिने संस्कार बढ्दै गएको देखिन्छ ।

## ५.२.८. मृत्यु संस्कार

मान्छे जन्मेपछि उसको मृत्यु अनिवार्य छ । त्यहाँसम्म समाजको आवश्यकता हुन्छ र उसको समाजले या उसको शाखा सन्तानले कस्तो प्रकारको धर्मको अनुसरण गरेको छ, ऊ पनि सोही संस्कारमा हुर्किन्छ र सोही अनुसार अनुसरण गरेको हुन्छ । संस्कार र धर्म भन्नु नै एउटा सिक्काको दुई पाटा भने झैँ हो, यसले एकआपसमा मेल खान्छ ।

मृत्यु जीवनको एक स्वभाविक प्रक्रिया हो । यद्यपि आफन्तजनले छोडेर जाँदा दुःख कसलाई लाग्दैन र ? तर मानिसको जन्म भएपछि मृत्यु पनि हुन्छ । अटल, अमर भएर त को बाँच्न सक्छ र ? यस संसारमा शाश्वत चिज केही छैन । सांसारिक माया, मोह देखि टाढा सबै एकपटक जानै पर्छ । पुन मगर जातिभित्र मृत्यु भए पछाडि आजभोलि शहर बजारमा हिन्दूकृत संस्कार अनुसार काजक्रिया गर्ने गरिन्छ । पहिले मृत्यु भएपछि लाशलाई गाड्न फाल्नको लागि तोकिएको निश्चित डाँडातिर लगिन्थ्यो । यसरी गाड्ने चलनले जमिनको अभाव तथा गाउँघर अलि फोहोर हुने भएपछि जलाउने चलन शुरु गरिएको हो ।

ठाउँ विशेषको आधारमा पनि मृत्यु संस्कारमा केही भिन्नता पाइन्छ । कतै कतै अझै पनि लाशलाई गाड्ने गरिन्छ । पुन समाजमा मृत्यु भएपछि पहिले ३ दिनसम्म काजक्रिया बसेर जोखिने गरिन्थ्यो । पछि १३ दिन लगाएर गरिँदैछ । क्रिया बसेको मान्छे घरदेखि टाढा जान, पूजापाठ र काटमार गर्न पाउँदैन । १३ दिन पुगेपछि चेलीबेटीले नयाँ लुगा ल्याइदिएपछि मात्र उक्त लुगा लगाएर चोखिने कार्य हुन्छ । आजभोलि कतै ५, ७ वा १३ दिन लगाएर पनि सुविधा अनुसार चोखिने गरिन्छ । परिवर्तित समय अनुरुप शहरबजारतिर आफ्नो समयानुकूल मिलाएर चोखिने दिन निर्धारण गरिन्छ । हिन्दूकृत भएपश्चात १३ दिन लगाएर काजक्रिया गरिन्छ ।

परिच्छेद - छ

## पोखरा अर्चलबोटका पुनमगरहरुको आर्थिक अवस्था

### ६.१. पुनमगरहरुको आर्थिक अवस्था

ग्रामीण क्षेत्रमा बस्दा पुनमगरहरुको प्रमुख पेशा कृषि र पशुपालन थियो । उनीहरु समथर जमिनमा खेती गर्ने र पहाडी क्षेत्रमा पशुपालन व्यवसाय गर्ने गर्दथे । उद्योग तथा व्यापारको क्षेत्र नभएकोले पुरुषहरु विदेशी सैनिक सेनामा भर्ती भई काम गर्ने र महिलाहरु राडी पाखी, गलैंचा र झोला बुन्ने गर्दथे । घरमा बस्ने पुरुषहरु भने खेतीपाती तथा पशुपालन कार्य गर्दथे । पोखराको बसाई घडेरीयुक्त जमिन भएको भएतापनि कसैकसैले धान खेतसमेत किनेर आफुले धान, मकै, गहुँ, जौको उत्पादन गर्ने गरेका छन् (पुन, २०७३:५१) । वस्तु पाल्ने ठाउँ र चरनको अभाव भएका कारण पशुपालन पशुपालन व्यवसाय छोडेर विदेशी तथा स्वदेशी सैनिकमा भर्ती हुने र बाँकी किराना पसल, मेडिकल, फेन्सी, होटल व्यवसाय, आर्टस् र सेवा निवृत्त अलि टाठाबाठाहरुले ठेकेदारी, ट्राभल, ट्रेकिङ व्यवसाय तथा कुखुरा पालन व्यवसाय समेत गर्दै आएका छन् । प्रत्येक उत्तरदाताको घरमा पुरुष विदेशी सैनिक तथा रोजगारमा रहेकाले महिलाहरु प्राय घरेलु कार्यमा नै व्यस्त हुने गरेका छन् । केहीले मात्र बचेको समयमा गादा  र झोला बुन्ने पनि गर्दछन् (तिलिजा, अन्तरवार्ता, २०७६) ।

सन् १९६४ मा बृटिश सरकारले दश वर्ष नोकरी पुगेका र दश वर्ष नपुगेका बहालवाला लाहुरेहरुलाई धमाधम न्यूनतम पारिश्रमिक क्षतिपूर्ति हातमा थमाई नाम

कटाएर पठायो । सँगसँगै निवृत्तिभरणमा योग्य भएकाहरुलाई पनि ठूलो संख्यामा कटौती गऱ्यो । सोही समयमा केही विवेकशील बृटिश भू.पू. लाहुरेहरुले भैरहवा र चितवनमा जमिन खरिद गरे, साथै भारतीय पेन्सनरहरु पनि थपिँदै गए । यसैले सो स्थानमा पुन मगरहरुको बसोबासको घनत्व बढेको हो । काठमाडौँ, पोखरा, लेखनाथ, तनहुँ, दमौली, दुलेगौँडा र कास्कीको ग्रामीण भेगमा बस्ने पुन मगरहरु वि.सं. २०४० को आसपासमा म्याग्दी, पर्वत र बाग्लुङबाट बसाइँसराई गरेका हुन् । हाल आएर वैदेशिक रोजगारीको अवसर पाएकाहरुको पनि शहरी क्षेत्रमा बसाइँसराई गर्ने क्रममा वृद्धि भइराखेको छ ( पुन, २०७३:५४) ।

वि.सं. २००७ साल पूर्व पोखरा उपत्यकाको अवस्था अध्ययन गर्ने हो भने अनगिन्ती परिवर्तन पाउन सकिन्छ । तत्कालमा मलेरिया वा औलो ज्वरोको प्रकोपको कारणले उपत्यकामा सर्न र बस्न त्रसित हुने अवस्थाले पोखराको मानव बस्ती अति पातलो थियो । औलो उन्मुलनसँगै यहाँको जनसंख्याको संरचनामा परिवर्तन तथा व्यापक वृद्धि हुन थाल्यो । यसको एक मात्र कारण आन्तरिक बसाइँसराई नै हो भन्न सकिन्छ ।

## ६.२. पुन मगरहरुको पेशागत स्थिति

महानगरपालिकाको बसाईमा निजी विद्यालयमा बालबच्चा पढाउनुपर्ने, स्वास्थ्योपचार र दैनिक बजार मूल्यमा भएको वृद्धि, आधुनिक भौतिक सुविधाका वस्तु (टेलिफोन, गाडी, मोटरसाइकल, साइकल, रेफ्रिजेरेटर, मोबाइल आदि) को बढ्दो प्रयोगले खर्चलाई धान्न वैदेशिक रोजगारको अलावा नयाँ व्यापार व्यवसाय अँगाल्नु परेको कुरा स्थलगत अध्ययनको क्रममा व्यक्त गरेका छन् । यसरी नै पेन्सनमा बसे तापनि अलि पढकाहरु ठेकेदारी पेशामा संलग्न रहेका छन् । यसरी उक्त समूहका

मानिसहरु परम्परागत पेशाबाट परिवर्तन भई आधुनिक खालका व्यवसाय र पेशामा लागेका छन् । पुन समूहका महिलाहरुको श्रीमान तथा छोराहरु वैदेशिक रोजगारीका लागि विदेशमा रहेकाले बालबच्चाको हेरचाह गर्नुपर्ने कारण अधिकांश घरेलु कार्यमा नै व्यस्त हुने गरेपनि केही सेवा, व्यापार र कृषिमा समेत संलग्न छन् (पुन, अन्तरवार्ता, २०७६) ।

## ६.३.पुनमगरहरुको आवास क्षेत्र

पुनहरु म्याग्दी जिल्लाको हिस्तान, पाउद्वार, शिख, राम्चे, नार्च्याङ, घराम्दी, बेगखोला, ढोवा, खिवाङ, बेगगाउँ, दाना, कुहु, थाइवाङ, भक्किम्ली, चिउरीबोट, देवीस्थान, दरबाङ, बनबरे, पाखापानी, काफलडाँडा र पर्वत जिल्लाको लेखफाँट, सालिजा, कुवापानी, लेसपार्क, मल्लाज, बासखर्क, देउपुर र देउरालीमा छन् (पुन, २०७३:६५) ।

उपरोक्त स्थानहरुमा बसोबास गर्दा सीमित भूमि, परम्परागत कृषि प्रणाली र पशुपालन व्यवसायले मात्र बढ्दो परिवार संख्यालाई धान्न नसकेको, उचित शिक्षा, स्वास्थ्य र अन्य रोजगारका स्रोतका अभाव भएकोले सो को खोजीका लागि विगत चार/पाँच दशकदेखि पोखरा महानगरपालिकाका विभिन्न स्थानहरुमा छरिएर वा संगठित रुपमा बसोबास गर्दै आफ्ना विभिन्न सामाजिक, सांस्कृतिक क्रियाकलापहरु गर्दै आएका छन् ।

समय, सीमा र स्थानमा आएको परिवर्तन तथा भौगोलिक अवस्था पनि यिनीहरुको बसाईसराइँको  कारण बनेको छ । जसले गर्दा समय, सीमा, स्थान, परिवेश अनुसार सांस्कृतिक, सामाजिक तथा आर्थिक परिवर्तनहरु भएका छन् । वातावरण अनुकूल नभएका कारण कतिपय संस्कृतिहरु परिवर्तन गर्न पनि बाध्य

भएका छन् । जस्तै ठाउँको अभावले गर्दा यिनीहरुको प्रमुख नाच पुर्ख्यौली जस्ता परम्परागत नाचहरु सहजै प्रस्तुत गर्न सकिने अवस्था छैन । वडा नं. २ को क्षेत्रमा जम्मा घरधूरी ८५ छन् भने जनसंख्या करिब ५०० छ । यिनीहरुको एउटा मात्र समाज घर अर्चलबोट समाज घर २०७० मा निर्माण गरिएको छ (स्थलगत अध्ययन) ।

पोखरा महानगरपालिकाका विभिन्न वडाहरुमा रहेका पुनमगरहरु

| क.सं. | वडा नं. | घर धुरी |
|---|---|---|
| १ | २ | ८५ |
| २ | ३ | १६० |
| ३ | १६ | ३५ |

*स्रोतः पुनमगरको दर्ता किताब-२०६९, पोखरा*

## ६.४. पारिवारिक रोजगारीको संख्यात्मक विवरण

यो शोधपत्रमा संलग्न उत्तरदाताहरुमध्ये अर्चलबोटका पुनमगरहरुका परिवारमा कुनैका घरमा एकजना, कहीँ दुईजना र कतिपयका घरमा तीनजना परिवारका सदस्य समेत रोजगारीमा लागेका भेटिएका छन् । जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

अर्चलबोटका पुनमगरहरुको पारिवारिक रोजगारीको स्थिति

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एकजना | ४३ | ५१.८ |
| दुईजना | ३२ | ३८.६ |
| तीनजना | ८ | ९.६ |
| जम्मा | ८३ | १०० |

*स्रोतः स्थलगत अध्ययन, पोखरा-२, अर्चलबोट, २०७६*

उपरोक्त तालिका अनुसार कुल उत्तरदातामध्ये ५१.८ प्रतिशतको घरमा एकजनाले रोजगारी पाएका, दुईजना रोजगारी हुनेहरु ३८.६ प्रतिशत र तीनजना रोजगारी हुनेहरु ९.६ प्रतिशत छन् ।

हाल आएर उक्त समूहका सदस्यहरु निजामति शिक्षक, चिकित्सक तथा बैंकिङ क्षेत्रमा रोजगारी पाएका छन् ।

## ६.५.पुन मगरहरुको रोजगारीका स्रोतहरु

यस अध्ययनका पुन मगरहरुको रोजगारीका स्रोतलाई चार भागमा सरकारी सेवा, आर्मी (विदेशी), वैदेशिक रोजगारी र अन्य गरी छुट्याइएको छ । सबै उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**पुन मगरहरुको रोजगारीका स्रोत**

| स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी सेवा | ४ | ४.८ |
| आर्मी (विदेशी) | ६० | ७२.३ |
| वैदेशिक रोजगारी | ३१ | ३७.३ |
| कृषि | १० | १२.७ |
| अन्य | १२ | १३.३ |

*स्रोतः स्थलगत अध्ययन, २०७६, पोखरा ।*

माथिको तालिका अनुसार पुन मगरहरुको रोजगारीको स्रोतमा सरकारी सेवा ४.८ प्रतिशत, सेना (भारतीय र बृटिश सैनिक सेवा) मा ७२.३ प्रतिशत, अन्य देशहरुमा सिभिल सेवा गर्नेहरु ३७.३ प्रतिशत र यस बाहेकका केही कृषि पेशा

अपनाएका छन् भने अन्य रोजगारीमा होटल, ठेकेदारी र मजदुरीमा संलग्न हुनेहरु २६.५ प्रतिशत छन् ।

समग्रमा हेर्दा विगतको कृषि तथा पशुपालन व्यवसायलाई निरन्तरता दिन भूमिको अभावले गर्दा पुनमगरहरु उक्त पेशा छाडी व्यापार व्यवसायतर्फ पनि आर्कषित हुँदै गएका छन् । शहरको महंगो पढाई, स्वास्थ्य सेवा, खानेपानी, विद्युत, टेलिफोन तथा भौतिक सुविधाहरुको प्रयोगले बढ्दो खर्चलाई व्यवस्थापन गर्न किराना पसल, फेन्सी पसल, मेडिकल, फ्रेस हाउस, होटल व्यवसाय, आर्टस् आदिलाई आम्दानीको स्रोतको रुपमा अँगाल्दै आएका छन् । निजामति सेवामा पनि पढेलेखेकाहरु थोरै मात्रामा भएपनि संलग्न हुँदै आएका छन् ।

# परिच्छेद - सात

### निश्कर्ष

पूर्वकालदेखि नेपाली समाज विविध जात, जाती र धर्म सम्प्रदाय मिली बनेको मिश्रित सद्भावपूर्ण समाजको रुपमा रहँदै आएको छ । प्राचीन समयमा पनि शासक वर्ग र केही उच्च वर्गहरुले समाजमा अमनचयन कायम राख्न विभिन्न नीतिनियम बाँधी व्यवहारमा ल्याएका थिए । मानिसहरुले पनि कानून र नीतिनियम कै परिधीमा रही आफ्नो कर्तव्य पुरा गर्दै आए । मध्यकालको उत्तरार्धमा आएर नेपालका पृथक धर्म र सम्प्रदायको आगमन भएपनि धार्मिक तथा सामाजिक रुपमा नेपाली समाजमा कुनै विचलन आएन । सबै फूलहरु फुल्ने र फक्रने क्रममा आफ्नो जातीय पहिचान सहीत पुनमगरहरु पनि देशको विभिन्न भागमा बसोबास गर्दै आएका छन् ।

पुनमगरहरु मगर जातिकै एउटा हाँगा भएपनि भूगोलको फरकले गर्दा केही सांस्कृतिक पक्षमा आफ्नो छुट्टै पहिचानको साथ बाँचेको पाइन्छ । त्यसैगरी पोखरामा बसोबास गर्ने पुनमगरहरुले पनि आफ्नो उद्गम थलोमा विकास गरेको संस्कृति यहाँ अवलम्बन गरेर बसेका छन् । साङ्गठनिक रुपमा हेर्दा पुनमगरहरु नेपाल मगर संघमा आवद्ध त छन् साथै उनीहरुको आफ्नै ‘पुन समाज नेपाल’ मा पनि आवद्ध भएको पाइन्छ । पोखरामा पनि उक्त संगठन अस्तित्वमा छ ।

सबै जातिहरुमा विश्व परिवेशको परिवर्तनसँगै सामाजिक सांस्कृतिक परिवर्तन आएजस्तै पुनमगरहरुमा पनि त्यो देख्न सकिन्छ । आजभोलि पुनमगरहरुको बस उठ र लवाइ खवाईमा आधुनिकता प्रवेश गरिसकेको छ । यति हुँदाहुँदै पनि उनीहरुले आफ्नो धार्मिक सांस्कृतिक पहिचानलाई धेरै हदसम्म बचाइराखेका छन् । मगर जातिका अन्य

समुदाय जस्तै पुनमगरहरुमा पनि उल्लेखनीय सामाजिक सद्भाव देख्न सकिन्छ । मर्दापर्दा देखि सामाजिक जीवनका विभिन्न पक्षहरुमा यिनीहरु एक आपसमा सौहार्द तरिकाले काम गरेको पाइन्छ । आर्थिक रुपमा पनि अधिकांश पुनमगरहरु सवल देखिन्छन् । यिनीहरु अत्यन्त मेहनती हुन्छन् । खासगरी विदेशी सेनामा लाहुरे भई यिनीहरुले आफ्नो अर्थतन्त्र मजबुत बनाएका छन् । भर्ती नहुनेहरु वैदेशिक रोजगारीमा विभिन्न देशमा पुगेर कमाई गरेका छन् । रेमिट्यान्सले पुनमगरहरुको अर्थतन्त्र धानेको छ । केही व्यक्तिहरु स्वदेश कै पनि विभिन्न पेशामा आवद्ध छन् । परापूर्व कालदेखिनै यी लडाकु जातिका व्यक्तिहरुको नेपाल एकीकरण देखि हालसम्म राष्ट्र निर्माणमा उल्लेखनीय योगदान देखिन्छ । इतिहासमा पहिलो र दोस्रो विश्व युद्धमा बेलायतको पक्षबाट लड्दा विश्वमा वीर गोर्खाली भनेर नेपाललाई चिनाउने काममा यिनीहरुको योगदान रहेको छ ।

# अन्तरवार्ता प्रश्नावली

पुनमगरहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक सम्बन्धी एक अध्ययन अर्चलबोट-२

शान्तीदेवी राना, रोल नं. १, एम.ए. इतिहास, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

उत्तरदाताको नाम थरः ..........................................................................

उमेरः ....................लिङ्गः महिला/पुरुष

जम्मा परिवार सङ्ख्याः ........................ परिवारको प्रकारः एकल/ संयुक्त

वैवाहिक स्थितिः विवाहित/अविवाहित शैक्षिक योग्यताः .......................

पेशाः..................................................................

पुरानो ठेगानाः..................................................................

हालको ठेगानाः........................................................

बसाइँसराइः...................

सम्पर्क नं.......................................

१) घरमा कुन भाषाहरु सदस्यहरुले बोल्ने गर्दछन् जानकार राख्दछन् ?

क) नेपाली, खाम ख) हिन्दी अंग्रेजी ग) सबै भाषा

२) हजुरको घरमा कोही सदस्य लाहुरे/आर्मी हुनुहुन्छ ?

क) छ ख) छैन

यदि हुनुहुन्छ भने कुन देशको हुनुहुन्छ ?

क) ब्रिटिश ख) भारतीय ग) अन्य

३) हजुरको परिवारमा कुनै सदस्य विदेशमा जागिर गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) गर्नुहुन्न

यदि छ भने महिला वा पुरुष को हुनुहुन्छ ?

क) महिला ख) पुरुष

४) हजुरको घरमा कुनै सदस्य पढ्दै हुनुहुन्छ ?

क) छ ख) छैन

यदि हुनुहुन्छ भने कहाँ पढ्नुहुन्छ ?

क) बोर्डिङ स्कुल ख) सरकारी स्कुल ग) विदेश

५) कुन धर्म मान्दै आउनुभएको छ ?

क) हिन्दु ख) बौद्ध ग) बोन घ) अन्य

६) पुनमगर युवाहरु परम्परा र संस्कृतिमा कसरी सहभागी भैरहेका छन् ?

७) पुनमगरको पुर्ख्यौली संस्कृतिहरु के के छन् ?

८) शहरीकरणले के के कुरामा प्रभाव पारेको छ ?

# सन्दर्भ सामग्री


- कर्क प्याट्रिक (१८११), ***एन एकाउन्ट अफ दि किंडम अफ नेपाल,*** लण्डन डब्लु मिलर ।
- कार्की, ज्ञानबहादुर (२०६८), ***नेपालमा जातपात तथा छुवाछुतको इतिहास,*** **काठमाडौं :** एसिया पब्लिकेशन ।
- थापा, नरु (२०६७), ***किराँत मगर इतिहास,*** काठमाडौं : निरन्तर प्रकाशन ।
- थापामगर, एम.एस. (२०५०), ***प्राचीन मगर र अक्खा लिपी,*** काठमाडौं : श्रीमती दुर्गादेवी थापामगर ।
- पराजुली, विश्वकल्याण (२०७१), ***फेरिँदैछ पोखरेली समाज,*** (उद्योग पत्रिका) पोखरा : पोखरा उद्योग बाणिज्य संघ ।
- पहरे पुन, हर्कबहादुर (२०६८), ***पुन समुदायको संस्कार संस्कृतिः विगत र वर्तमान,*** काठमाडौं : सुजल प्रकाशन ।
- पुन, दिलबहादुर (२०६७), ***पुन मगरहरुको संक्षिप्त इतिहास र संस्कृतिको टिप्पणी,*** काठमाडौं : लेखक स्वयम् ।
- पुन, मेजन (२०७३), ***धौलागिरीमा बसोबास गर्ने पुन समुदाय एक अध्ययन,*** पोखराः लेखक स्वयम् ।
- बराल, केशरजङ्ग (२०५६), ***पाल्पा, स्याङ्जा र तनहुँका मगरहरुको संस्कृति, पृष्ठ १६-१७,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- बुढामगर, हर्षबहादुर (२०४९), ***किराँत वंश र मगरहरु,*** ललितपुर : श्रीमती उन्नती बोहरा ।
- बुढामगर, बमकुमारी (२०६३), ***स्मारिका आरमिट्रमा नेपाल मगर संघ,*** कास्की : जिल्ला कार्य समिती ।

- मगर, ढकबहादुर (२०५९), ***ऐतिहासिक परिप्रेक्ष्यमा मगर कुलपूजा परम्परा,*** कीर्तिपुर : त्रि.वि. अनुसन्धान महाशाखा ।
- राई, बमबहादुर (२०६५),***पौराणिक किराँत इतिहास,*** दिक्तेल : श्रीमती गंगा राई ।
- राना थापा, सचित्रा (२०६१), ***मगरहरुको देवता बाजे-बज्यैको संक्षिप्त चिनारी एक अध्ययन,*** पोखरा : पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा ।
- रानामगर, वि.के. (२०५८), ***राष्ट्रिय जनगणना, प्रतिवेदन,*** राप्ती : नेपाल मगर संघ ।
- रानामगर, सोम (२०५३), ***मगर कर्मकाण्ड,*** काठमाडौँ : नेपाल मगर संघ ।
- विष्ट, डोरबहादुर (२०३०), ***सबै जातको फुलबारी,*** काठमाडौँ : साझा प्रकाशन ।
- शेरपुर्जा पुन, रमेश (२०६०), ***हाम्रो दश कर्म र काजक्रिया विधि,*** पोखरा : कृतन मण्डल पुन समाज ।
- श्रीस, मीन (२०७१), ***मगर जाति - ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ,*** काठमाडौँ : मगर प्राज्ञिक समूह ।
- श्रीस, धर्मप्रसाद (२०७१), ***मगरांती संस्कृति,*** काठमाडौँ : मगर प्राज्ञिक समूह ।
- श्रेष्ठ, विश्व (२०६१), ***पोखराको भौगोलिक संरचना र विकास,*** पोखराः उद्योग बाणिज्य संघ ।

पत्रपत्रिकाहरु

- फिमला त्रैमासिक (२०६०), ***वर्ष २ पूर्णाङ्क ६*** कार्तिक-पुस ।

अन्तरवार्ता

- तिलिजा, तुलबहादुर, मालिका-५, म्याग्दी, हाल : पोखरा- २, अर्चलबोट ।
- तिलिजा, धनमाया, मालिका-५, म्याग्दी, हाल : पोखरा- २, अर्चलबोट ।
- पुन फत्तबहादुर, (पुन समाज पोखराका निवर्तमान सदस्य) रघुगङ्गा -८, म्याग्दी, हाल : पोखरा - ३, नदीपुर ।

- पुन रुद्रबहादुर, धौलागिरी - ६, म्याग्दी, हाल : पोखरा -२, धारापानी ।
- पुन पूर्जा, भद्रराज, (पुर्ख्यौली नाचका संयोजक) रघुगङ्गा -८, म्याग्दी, हाल : पोखरा - ३, नदीपुर ।
- पुन, सर्वदा, (शिक्षिका) अन्नपूर्ण - ६, म्याग्दी, हाल : पोखरा - ३, नदीपुर ।
- पुन मगर, तेजकुमारी, मङ्गला -३, म्याग्दी, हाल : पोखरा - धारापानी ।

# अनुसूची

## नेपालका आदिबासी जनजातिहरु

आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को दफा-२ को परिभाषामा व्याख्या गरिएका आदिबासी जनजाति पहिचानका पाँच विशेष मापदण्डहरु निर्धारित गरिएको भए तापनि यस ऐनको अनुसूची-१ मा ५९ जाति वा समुदायहरुलाई मात्र सूचीकृत गरिएको छ (कुलुङ, पहिचान र आदिबासी जनजातिको सर्वाङ्गीण विकास, २०७३) ।

नेपालका सूचीकृत आदिबासी जनजातिहरु

| क.सं. | नाम | क.सं. | नाम |
|---|---|---|---|
| ०१. | किसान | १८. | ताङ्बे |
| ०२. | कुमाल | १९. | ताजपुरिया |
| ०३. | कुशवाडिया | २०. | तामाङ |
| ०४. | कुशुण्डा | २१. | तीन गाउँले थकाली |
| ०५. | गनगाई | २२. | तोप्केगोला (ढोप्क्या) |
| ०६. | गुरुङ (तमु) | २३. | थकाली |
| ०७. | चेपाङ | २४. | थामी |
| ०८. | छन्त्याल | २५. | थारु |
| ०९. | छैरोतेन | २६. | थुदाम |
| १०. | जिरेल | २७. | दनुवार |
| ११. | झांगड (उराँव) | २८. | दराई |
| १२. | डोल्पो (धोलढुसी) | २९. | दुरा |
| १३. | धानुक (राजवंशी) | ३०. | राझी (राजी) |
| १४. | धिमाल | ३१. | लार्के (गुब्री) |
| १५. | नेवार | ३२. | लिम्बु |
| १६. | पहारी | ३३. | लेप्चा (लाप्चा) |
| १७. | फ्रि | ३४. | ल्होपा |

| | | | |
|---|---|---|---|
| ३५. | बनकरिया | ५०. | ल्होमी (शिङ्सावा) |
| ३६. | बरामो (बराम (मू) | ५१. | वालुङ |
| ३७. | बाह्र गाउँले | ५२. | व्यासी सौका (रङ्) |
| ३८. | बोटे | ५३. | शेर्पा |
| ३९. | भुजेल | ५४. | सतार (सन्थाल) |
| ४०. | भोटे (खम्पा भोटे) | ५५. | सियार (चुम्बा) |
| ४१. | मगर | ५६. | सुनुवार (किराँत कोइच्) |
| ४२. | माझी | ५७. | सुरेल |
| ४३. | मार्फाली थकाली | ५८. | हायु |
| ४४. | मुगाली (मुगुम्पा) | ५९. | ह्योल्मो |
| ४५. | मेचे (बोडो) | | |
| ४६. | याक्खा | | |
| ४७. | राई (किराँत राई) | | |
| ४८. | राउटे | | |
| ४९. | राजवंशी (कोच) | | |

**मगरका सजातीय थर र उपथरहरु**

सबै मगरहरु हृष्टपुष्ट, होचो कदका र सोझो हुन्छन् । कृषि पेशामा संलग्न मगरहरु वैदेशिक रोजगारको लागि जाने प्रचलनले शैक्षिक क्षेत्रमा पछाडि नै छन् । मुख्य गरी रानामगर, पुनमगर, थापामगर, आलेमगर, बुढाथोकीमगर, घर्तीमगर रहेको मगर समाजभित्र भिन्नै आ-आफ्नै थर रहेको छ । जुन थर १ हजार भन्दा बढी रहेको छ ।

**क) आले मगर**

| | | | | |
|---|---|---|---|---|
| अर्घाली | कालमी | खारी | गलामी | गेलाङसी |
| अर्घौली | काला गाहा | खाली | गार | गेलामी |
| असलामी | किबर | खिचमान | गाहा | गैडे |
| आसलामी | किलुङ | खिलु | गिदेली | गोण्डा |
| उचही | कुमार | खुलाङ्गी | गिर्दली | गोरा |
| एकचही | केपछाकी | खुलाङ | गिर्देली | गौदे |
| कंवर | क्यापचार्की | खुलाली | गुगेली | गौरा |
| कनोजिया | खड्का | गदरमा | गुरुङचन | ग्याङ्की |

| | | | | |
|---|---|---|---|---|
| कनौजिया | खडगा | गन्द्रमा | गुरुङछाने | ग्याङमी |
| कनौज्या | खप्तारी | गन्धाकी | गे | ग्रांजा |
| कन्दका | खरी | गमजाने | गेदसिङ | घर्ती |
| कमजन | खली | गम्जमा | गेन्द्रा | घिमिरे |
| कलामी | खहारी | गर | गेर्दासन | घेरली |
| कामन्जानी | खान | गरमजा | गेलाङ्जी | घेर्मी |
| चगेली | डुरा | दर्लामी | पालुङ | बरकुवारी |
| चहारी | डुर्चाकी | दलाज | पालुन | बरद (बर्द) |
| चांगी | डोराली | दुकछाकी | पाहारी | बमरया |
| चाङ्दी | डौराली | दुडाली | पीमी | बमसी |
| चार्मी | ढगाल | दुदावी | पीवाली | बराल |
| चिडी | ढेङ्गा | दुन्यौल | पुङ | बरासे |
| चिदी | ढोरेली | दुराहा | पुङ्मी | बलङपासी |
| चितौडे | तरिक्छाकी | दूत | पुतामी | बलमपाकी |
| चितौरे | तरुक्छे | दूद | पुतुछाकी | बलम |
| चुनी | ताकरानी | दुन्योली | पुलामी | बसुस |
| चुहा | तारीछाकी | दूर्चूङ | पोगी | बाक्या |
| चेत्रा | तारोछाकी | दुरुन्ची | पुँवार | बाचे |
| चेर्मा | तिउरी | दूस्याङ्गे | पोश्री | बाटकुमारी |
| चेर्मी | तिउसी | नामजाली | पोसरी | बाटो |
| चेवा | तुमसिङ | निमेल | पोहरी | बामचाकी |
| चौहा | तुरुथाकी | नेदसी | प्रोकछार्की | बामचोक |
| छगेली | तोरचाकी | न्या | फाल | बामेथी |
| छहरी | तोरोकचे | पगतामी | फिवाली | बारद |
| छाङ् | थक्चकी | पचभैया | फेङ्दी | बासी |
| जर्घा | थडाली | पचमैया | फेदाली | बीरी |
| जन्या | थन्याली | पचैन | फेवाली | बचा |
| जाली | थरवर | पछाडछहरा | बकाबल | विरकट्टा |
| झवा | थाक्चाके | पछायाली | बगाल | बिली |

| | | | | |
|---|---|---|---|---|
| झेगे | थाडा | पथ्रर | बगाली | बुढाथोकी |
| झेडी | थादाली | पथर्न्या | बगेली | बेगक्नाली |
| टमलामी | थादो | पनामी | बचाली | बेगनाली |
| टामनामी | थापा | पन्थी | बछामी | बेगनासी |
| टारोक्चे | थरधर | पर्छाइ | बछ्कुवारी | बेशी |
| टोरोक्याकी | थारा | पलन | बटकमारी | बैशी |
| ठाडा | थुतुछाकी | पलुङ | बटकुवारी | व्यक्त |
| डंगाल | थुराचकी | पहारी | बटकुवाई | भण्डारी |
| डाला | थोकचाक | पाङ्मी | बटाई | मरुराङ्गी |
| डीमा | थोराली | पाथ्र | बभन्या | मागिम |
| डुक्चाकी | दगाल | पाथ्रे | बमन्या | मागियम |
| डुरचाकी | दगेली | पामी | बमसी | मारकी |
| मारु | लामन्जेल | साथीघरे | मास्की | लमजाल |
| मेइग | लामजेल | सार्थुङ | सापकोटा | सापकोटे |
| मेङ | लामटानी | लामिछाने | साराकारी | साराङ्कोटे |
| मेदासी | मोरम | लिमजाल | सार्वेदे | सिङ्टुङ्ग |
| याङ्मी | लिमियाल | लुगुर्चे | लुङ्गी | सिजापति |
| रखाल | लुङ्गे | सिजाली | सितुङ | सित्वाली |
| रमतरी | लुङ्गेली | लुङ्गोचिया | सिथुङ | सिरतुङ |
| रमियल | राकासे | रापाराय | लुङ्चे | रामजाली |
| रामामेल | लोप्पा | लोप | राया | लोहो |
| रिजाल | सिरियाली | सिरपाली | रिमाल | ल्होप्पा |
| रीजा | ल्हाक्मा | सिस्टुम | रुचाल | वंशी |
| रुवा | शिवपाली | सूर्यवंशी | रेघामी | रुहा |
| श्रीपाली | सुसलीङ | रेशमी | समय | सोती |
| रो | समर | सोमाई | समार | सोमऱ्या |
| रोआले | रोकाहा | समाल | सोमे | सराकसारी |
| रोरुपले | सरडी | सराकारी | सराङ्गी | सर्वजई |
| लगुचे | सर्वत | सर्वेद | साठीघरे | सातकेसरी |

| | | | | |
|---|---|---|---|---|
| लगेली | हमाल | हिस्की | हीरम | हुनचन |
| लमजेल | हनचम | हुन्चुन | ह्वोपा | ह्मार्पाक |
| लगुर्च | लहरी | लहक्या | लाक्या | |

**ख) घर्ती मगर**

| | | | | |
|---|---|---|---|---|
| अईटेरी | अत्रासे | अघुर्ले | अर्घौली | अर्रासे |
| आले | उलुङ्गे | काजा | काउचा | काउजा |
| काग्जा | काग्जे | काला | कालिकोटे | केङ्गे |
| केन्गो | कोन्सा | खाङ्गे | गमाल | गर्बुजा |
| गलम | गलामी | गल्तामी | गियल | चंचल |
| छन्तेल | छन्त्याल | टिर्के | टिर्गे | ठेडे |
| तालाजी | तिरुकिया | तिर्गे | थिइन | थेडे |
| थेरो | थेल | थैन | दगामी | दर्लामी |
| देवपहरे | निसाल | पस | पहराई | पहरे |
| पहाडे | पाइजा | पाजा | पामा | पारे |
| पुर्जा | फगामी | फागमी | फुकान | फुङ्गा |
| बइमा | बन्ज्याली | बम्पाल | बयम्बू | बालिया |
| बाले | बुलामी | बैजाली | बौमा | भान्टा |
| भीमपाल | भुज्याल | भोमपाल | मचाल | मसराङ्गी |
| राखनी | रागु | राङ्खानी | रामखानी | रामजाली |
| रामज्याली | रावल | रिजाल | रिमाल | रेगु |
| रोका | रोकाहा | रोङ्खामी | लामिछाने | बारे |
| समे | सरबुजा | सलामी | सवाङ्गी | साम |
| सामै | सारु | सालमी | सिजापति | सिन्ज्याली |
| सिरसिक | सुतपहरे | सुनारी | सुरारी | सेन |
| स्यान | स्वाङ्गी | हुन्ज्याली | होंजाली | |

**ग) थापा मगर**

| | | | | |
|---|---|---|---|---|
| अघामी | अछेंल्थो | अदेली | अर्घले | अर्घेसी |
| असलामी | आचामी | आलिया | आले | इकचाकी |

| | | | | |
|---|---|---|---|---|
| इकचही | इसार | इस्माल | इस्लामी | उचाही |
| उचै | उधरो | उघ्रो | उन्टाकी | एकचही |
| एकेछी | कँवर | कजी | कण्डली | कनौज्या |
| कन्द्रा | कमर | कमान्जन | कम्चा | करका |
| करुवाछाकी | काइकाल | काउछे | काघरा | काङ्मु |
| कानुङ | कान्लु | कान्लुक | कामु | कारु |
| कार्पाक | कालापाटा | कालापाने | कालापाहा | कालालोहार |
| कालासार | कालु | कासु | किङरिङ | किजाली |
| किजिम | कुँवर | कुलाल | केङरी | केजुङ |
| केपछाकी | केरिन | केली | केलुङ | केवारी |
| कैकाला | कोरल | कोराला | कोसली | कौव |
| सर्ती | क्षुनी | खड्का | खण्डुलुक | खत्री |
| खन्गा | खन्दुक | खपङ्गी | खपाङ्गी | खप्तेरी |
| खप्लारी | खर्यागी | खाङ्गा | खाती | खान |
| खुलाल | खैकला | खोपाङ्गी | गजमेर | गदाल |
| गनेहकन | गन्चाके | गन्द्रमा | गन्धर्व | गम्भी |
| गरङ्जा | गरजा | गरेजा | गलुङ्गेली | ग्राँजा |
| गागा | गाघा | गाचा | गाहा | गाहा काला |
| गाहा खान | गाहा गोरा | गाहा चिदी | गाहा दप्रसु | गाहा बाडोआ |
| गाहा मलाङ्गी | गाहा रज | गाहा वार्छा | गाहा वार्दा | गिछाल |
| गिदियाल | गिदेल | गिन्रीस | गिबेल | गिमेल |
| गियनसिल | गियाङ्डी | गिर्यामी | गियाल | गिरेल |
| गुङ्गेली | गुना | गुना गोहा | गुना चिदी | गुना धनपला |
| गुना बेदचा | गुना मलाङ्गी | गुमचिङ | गुरुङ्चन | गुरुङछाने |
| गुरुम | गुर्माचाङ | गेजाल | गेदर्सी | गेदेल |
| गेदैली | गेमची | गेममी | गेलाङ | गेलान् |
| गेलुङ | गैद | गोरामारु | गौद्ध | गौधा |
| ग्याँदी | ग्याङ्मी | ग्यान्रीस | ग्यामी | ग्याल |
| ग्यालाङ | ग्यालान | घटराज | घरानी | घर्ती |

| | | | | |
|---|---|---|---|---|
| घागा | घाली | घिमिरे | चनोली | चर्ती |
| चहारी | चितौन्या | चितौरे | चिदी | चिप्ली |
| चिफ्ले | चुनी | चुमी | चुहान | चौहान |
| छहरे | छहारे | छन्तेल | छन्त्याल | छागेली |
| छेगेडी | छेड्या | छोडे | जगाहार | जघा |
| जर्घी | जाही | झन्टी | झरारी | झवा |
| झाँक्री | झाँग्रे | झाङ्गडी | झाडी | झेडी |
| झेडी बेदर्चा | झेडी मलाङ्गी | झेन्द्र | झ्याडी | झ्यारी |
| त्रादि | टङ्बाछान | टङ्लामी | रामालामी | ट्रामुतरामु |
| टिङ्त्रामु | टुमसिं | ठाडा | डंगाल | डण्डाली |
| डमरपाल | डरेली | डाडाली | डाला | डिसुवा |
| डुरुङ्च्या | डुरेल | डेगा | डेगी | डोराली |
| ढकाल | ढेगा | ढेगाल | ढेडगाल | ढेन्गा |
| ढेवपाती | ढैन्का | ढोलाप्र | तसर्ती | तामलानी |
| तायाजी | तारामी | ताहुङ | तुमसिं | तुसुनी |
| तोरोछाकी | थन्याली | थाक्सु | थाङ्नामी | थाडा |
| थाडाली | थानी | थापा | थामी | थारी |
| थारु | थारुन् | थारुम | थुमसिं | थुराइन |
| थुराल | थोकचाही | थ्यागी | दंगाल | दन्त |
| दमरपाल | दर्लाम | दर्लामी | दर्लामी काला | दर्लामी कोशेली |
| दर्लामी जगर | दर्लामी धमालेसिन | दर्लामी पालुङ्गी | दर्लामी पुर्सी | दर्लामी बगाले |
| दर्लामी रोलाला | दर्लामी सिंह | दर्लामी सेन | दलाल | दालिया |
| दिशा | दिस् | दिस्वा | दुखेछकी | दुनचुन |
| दुरचुङ | दुरा | दुरुच्यान | दुर्रालामी | दूध |
| द्वयो | धणा | धनपाली | धनुकी | धन्याली |
| धमला | धागो | धाङ्या | धामा | नापस |
| नामजाली | नामज्याली | निचौर | निठुन | निदुन |
| निमियाल | नियर | पगामी | पचबया | पचभैया |
| पचमया | मचमैया | पचिन | पचे | पछैया |

| | | | | |
|---|---|---|---|---|
| पजान्जी | पज्मी | पठस्या | पथुरी | पनेती |
| पन्थि | पयुरी | परे | परेल | पर्थन्या |
| पल्ली | पवन | पहारी | पाओल | पागली |
| पाङ्मी | पाच | पाचघर | पाटा | पाडे |
| पादे | पारघर | पाल् | पालुङ्गी | पालुङ्गी काला |
| पालुङ्गी जगर | पालुङ्गी पुसी | पालुङ्गी बगाले | पालुङ्गी सिंह | पालुङ्गी सेन |
| पालुङ्गे | पालुने | पाहारे | पिठाकोटी | पिठाकोटे |
| पिवाली | पीसरी | पुआरी | पुङ | पुङ्के |
| पुचङ्ग्या | पुर्वाचन | पुर्वाछानी | पुलामी | पुवन्री |
| पुवार | पुवारी | पुसाल | पेङ्मी | पोत्री |
| पोवान | पोश्री | पोहोरी | पौडेल | पौड्याल |
| प्याङ्लिङ | प्रोचम | प्लाङ | फारे | फाल |
| फिमिल | फिवाली | फुन्जाली | फेली | फेवाली |
| फ्यूवाली | बंशी | बकबल | ब्काबल | बगाले |
| बगाले काला | बगाले अठारघरे | बगाले दर्लामी | बगाले पालुङ्गी | बगाले पुँवर |
| बगाले सातघरे | बगाले सोती | बगाले सोरिली | बचियो | बचे |
| बछाले | बधुन | बछे | बटकुवारी | बढी |
| बयम्बू | बरकाली | बरकुँवारी | बरकोरी | बरही |
| बराउम्ली | बराघरी | बराल | बराल बकबराल | बराल बाकाबराल |
| बराली | बराही | बरैया | बर्खावान्टी | बलाबल |
| बलाल | बलामी | बस्न्यात | बहरी | बाँही |
| बाओला | बाङ्लिङ | बाचम | बाचाले | बाचिओ |
| बाचिया | बाच्चा | बाच्य | बाछाली | बाडोआ |
| बामचाकी | बामचारी | बामच्चा | बारदा | बारकोटी |
| बारया | बारा | बारेया | बाह्रघऱ्या | बिरता |
| बियाङ्मी | बीरकट्टा | बीरखट्टा | बुचा | बुढाथोकी |
| बृता | बेगनासी | बेर | बेरङ | बेरोङ |
| बैजाली | बैलिक | बोपाल | बौगालिया | बौला |
| ब्याङ्नासी | ब्याङ्पानी | भटम | भडारी | भनम |

| | | | | |
|---|---|---|---|---|
| भण्डारी | भराई | भत्तान्पन्थि | भलामी | भ्रामेल |
| भुरुङ | भोमरेल | भ्यारी | मखरानी | मण्डे |
| मन्दिर | मरुन्या | मर्का | मसराङ्गी | मस्याङ्दी |
| माकिम | मातेङशीया | माधर्चु | माधुमी | मारजा |
| मापाछान् | माफिम | मामज्याली | मामरिङ | मायो |
| मारपाक | मारु | मारुन्चन | मार्की | मार्थु |
| मार्पा | मार्बु | मास्की | मिदुन | मिरिङछीङ |
| मुग्मी | मुरुङ्छन् | मुरुङजय | मेगासी | मेङ |
| मेदुन | मैनुन | मोग्मी | मौपचाङ | मोबचाम |
| मोर्साइ | याङ्जा | याङ्दिवा | यान्दी | यान्दी उटाकी |
| यान्दी वनरकी | धारी | रकस | रकाल | रखाल |
| रजाली | रज्गी | रसाइली | रसाला | रस्यामी |
| रहन्या | रहारी | राई | राइके | राकसे |
| राकासकोटी | रागामी | राग्नु | राजगृह | राजवंशी |
| राजाई | राझाली | रादी | राना | रानाखुलाल |
| रामखानी | रामजाली | राया | रामकोटी | रिग्याल |
| रिजाई | रिजापति | रिजाल | रिमाल | रिम्जाली |
| रिलामी | रीगेल | रुचाल | रेक्रिभ | रेगामी |
| रेघामी | रेङ्मी | रेजाली | रेथामी | रेशमी |
| रेशमी काला | रेशमी गोरा | रेशमी ठाडा | रेशमी ठारा | रेशमी डगाले |
| रेशमी थापा | रेशमी बगाल | रैका | रोकाहा | रोकिम |
| रोयला | लंकापति | लजकान्डरी | लन्सीया | लमकांहा |
| लमजाल | लमतरी | लम्चिमा | लरनाचाए | लाङकाङ |
| लाङकोटी | लामछाकी | लामछानिया | लामजाली | लामटाङ्गी |
| लामटामी | लामिछाने | लाम्चिया | लाया | लायो |
| लिङजिङ | लुगेली | लुङ्ग्याली | लुङेली | लुन्ची |
| लुमुचे | लुम्चाई | लुम्छ्या | लेङ्गाकोटी | लेन्जीङ |
| लोहागन | ल्होयो | वान्टाकी | शुसलिङ | श्रीस |
| श्रीस सामे | श्रीस दोयाल | सटाकसारी | सटुङ्गी | सठाशकर |

| | | | | |
|---|---|---|---|---|
| सठीधान्या | सतुर्गे | सनती | सनवानी | सनारी |
| सन्मानी | सन्माली | सप्तरी | सपलेग | समलानी |
| समलाही | समाली | समाई | समाल | समै |
| सरतिया | सप्तुग | सरदी | सर्‌बुजा | सरबेदा |
| सराङ्गी | सरुन्कोटी | सर्टुङरी | सलामी | सवाकोटी |
| स्वमे | स्वीपाल | सही | सातकेसरी | सान्वान्टी |
| सापलङ्गी | सापकोटा | सामल | सामी | सारु |
| सारु उचाई | सारु कनौजे | सारु काउबेर | सारु काला | सारु कालिकोटे |
| सारु गुर्बाछान | सारु गोरा | सारु जपत्लक | सारु जाउरुम | सारु झाफुर्लक |
| सारु झेरी | सारु टङ्वाछन | सारु टामजाली | सारु पनेटी | सारु पिठाकोटे |
| सारु पुर्वाछान | सारु पुलामी | सारु बमजन | सारु बराली | सारु मरन्छान |
| सारु मलेङ्गीया | सारु मातेङ्गीय | सारु लामछाने | सारु सिंजाली | सारु सिमै |
| सारौली | सिंजापति | सिन्जाली | सिङ | सिङ्गौरी |
| सिदारी | सिदुङ | सिन | सिन्चेउली | सिमाई |
| सियाल | सिरने | सिर्निया | सुगाल | सुगर्पा |
| सुङ्गर्पा | सुतपराई | सुथी | सुनपति | सुनाखरी |
| सुनारी | सुनियल | सुपारी | सुपार्क | सुमै |
| सुरङ्गी | सुसली | सुसलिङ | सुसुर्लिङ | सेओ |
| सेती सुर्वाल | सेतु सिन | सेरी | सोती | सोठी |
| सोथी | सोनारी | सोमरे | सोमस्थ | सोमाई |
| सोमे | सोमै | सोराली | सोले | सौराली |
| स्माला | स्वासमी | हाइयो | हाङचुङ | हाङ्जाली |
| हाङ्ज्योन | हाङर्सेन | हिटान | हाताकी | हितान |
| हिरन | हिस्की | हुन्चिङ | हुजीङ | हुम्चिन |
| हेटाने | हेताने | होटन | होडागी | होयो |
| होल्गी | होस्लामी | ह्मापार्क | ह्मेवार | ह्लुङ्च्याल |
| ह्लोपा | | | | |

**घ) पुन मगर**

| | | | | |
|---|---|---|---|---|
| उलागी | उलुङ्गे | ओरपाजाङ्गी | कउर | काइ |

| | | | | |
|---|---|---|---|---|
| काभिई | कामी | कालाघर्ती | कौडे | गर्बुजा |
| गोरे | घोचङ्गी | चितौरे | छोजङ्गी | जगाले |
| जठकारी | जन्कटी | जागोन्ले | टामे | टेण्डी |
| ठिनी | डगामी | डगै | ढगाए | ढगामी |
| त्कालिया | तकाली | तगाले | तजाली | तन्ज्याली |
| तामे | तिर्खे | तिलिजा | तेन्दी | थकाली |
| थजाली | थानी | थाने | थामी | दगल |
| दगामी | दर्लामी | दूत | दूध | नामजाली |
| नाया | पङ्गी | पजाङ्गी | पजान्सी | पहराई |
| पहरे | पाइजा | पाइजाली | पारे | पाहारी |
| पुर्जा | पेराली | पोइङ्गे | प्रेङ्गेल | फकामी |
| फङ्गाली | फिरियाल | फुङ्गाली | फोइङ्गे | बकाबल |
| बन्ज्याली | बपाल | बयाल | बरंगी | बराङ्दी |
| बलामी | बाकासकोटी | बाटा | बारङ्गी | बिरकली |
| बैजाली | रतुवा | रमजाली | रम्कम् | राकासकोटी |
| राङ्क | राङ्गु | राङ्नु | रामकाम | रामजोली |
| रामज्याली | राम्जा | रिगु | रिघु | रुबान |
| रुहान | रोका | रोङ्खामी | लामिछाने | सनाङ्गी |
| सबङ्गी | समिया | सर्बुजा | साइ | साइमे |
| साब्रे | सामे | साही | सिंजाली | सिंजापति |
| सिम | सुत | सुतपहराई | सुतपहरे | सुमित्रा |
| सूर्यवंशी | सोटी | सोती | सोम | हुनाली |
| हुन्ज्याली | हुलुङ्गी | हुलुडी | होज्याली | होलाङ्गी |
| होलाडी | | | | |

**ङ) बुढा (बुढाथोकी) मगर**

| | | | | |
|---|---|---|---|---|
| अर्कली | उलङ्गे | करल | कर्मानी | कारल |
| कामी | केचाकी | कोरिना | कोसिला | गलम् |
| गमाल | चिनी | जन्जाली | जियाली | ठिनी |
| थामी | थिनी | दर्लामी | देउबल | नामजाली |

| | | | | |
|---|---|---|---|---|
| पर्कवान्टी | पहराई | पहारे | पारे | पाल्कोटी |
| पोजोङ्गे | पोहोरी | बनिवान्री | बार्कवान्टी | बालकोटी |
| बीरज्याली | बैनज्याली | रकु | रन्जु | रहु |
| राङू | रान्जु | रामकामी | रामखानी | रामखाली |
| रामजाली | रामु | रोमखान | रोमखामी | ल्यालवन |
| लामिछाने | श्रीस | सिंजाली | सिंजापति | सिब्जी |
| सियालवाङ | सिरिजन | सिरिस | सुतपहरे | सुतपहरे जोते |
| सुतपहरे फुङ्गे | सुतपहरे हले | स्यालवन | हिरुङ्गेङ | हेरिङ्गी |

**च) राना मगर**

| | | | | |
|---|---|---|---|---|
| अघोले | अरिमा | अर्घुली | अर्घ्याली | अर्घ्यौली |
| अर्चामी | असलामी | आछामी | आलिया | आले |
| आरसामी | उचै | उनपुङ | एकचै | एकेछी |
| कंवर | कराका | कण्डलु | कनौजे | कन्दरवा |
| कन्द्रा | कमचाकी | कमजन | कमर | काउचा |
| कान्चुक | कार्न्डुलु | कारु | कालागाहा | कालासारु |
| काव | कियाप्रेस्की | किराचे | कुँवर | कुलाल |
| केलाली | केन्री | केपाछाकी | केवारी | कैकाली |
| कैरानी | कोरल | कोराली | क्षर्ती | क्षुती |
| खण्डका | खडका | खपतरी | खुलाल | खीउग्याली |
| खोसु | गन्चोक | गन्द्रमा | गम्मी | गरंजा |
| गरजा | गरन्च | गरुच | गलामी | गलुङ्गेली |
| गहते | गागा | गाचा | गाधा | गाधा कान |
| गाधा काला | गाधा गोरा | गाधा चिदी | गाधा बाडोआ | गाधा मलाङ्गी |
| गाधा वार्दा | गाया | गाहा | गाहा कान | गाहा काला |
| गाहा गोरा | गाहा चिदी | गाहा बाङ्गे | गाहा मेलाङ्गी | वार्दा |
| गिदेन | गिदेल | गिदेली | गिन्दिल | गिन्रीस |
| गियार्नी | गियाल | गुरुधनै | गुरुधानै | गुर्माचाङ |
| गेजाल | गेजेल | गेदसिं | गेदी | गेलानराम |
| गेलाम | गेलुका | गेलुङ | गैदे | गोदरसिंह |

| | | | | |
|---|---|---|---|---|
| गोमुल | गोमुला | गोमेदी | गोरख | गोरा |
| गोराना | गौद | ग्यमी | ग्यान्द्रीय | ग्यान्सीन |
| ग्यामी | ग्याल | घार्मी | घिमिरे | चटकुवारी |
| चापचाकी | चनोली | चर्मी | चिटिके | चिडी |
| चिढी | चितौन्या | चितौरिया | चिरौटे | चुमी |
| चोहन | चौहान | छगेली | छहरी | छार्ती |
| छोला | जघी | जर्घा | जमली | जियारी |
| जेहारी | झागे | झानी | झावा | झेदी |
| झ्यांकी | झ्यांडी | टलाई | टामलामी | डङ्गाभुना |
| डडाली | डढाली | डाला | डिसुवा | डुरेल |
| डेगाल | डेगी | ढकाल | ढुङ्गे | ढोकी |
| ढोगा | ढोली | तसल्ती | तालै | तिउसी |
| तिगरिन | तोरोछोकी | थन्याली | थदालो | थरबर |
| थरामु | थाडा | थदा | थामी | थारा |
| थाराले | थालु | थिरङ्गी | थुराल | थ्यागी |
| दगामी | दगाली | दन्त | दमरपाल | दरनासीनकुटी |
| दर्गा | दर्गा काला | दर्गा कोसली | दर्गा जनार | दर्गा पालुङ्गी |
| दर्गा पूजारी | दर्गा रोयला | दर्गा सतुसिन | दर्लामी | दर्लामी काला |
| दर्लामी पालुङ्गी | दर्लामी बगालिया | दागै | दान्सीनकोटे | दिसा |
| दिस् | दिस्वा | दुध | दुनचुन | दुरुन्च्या |
| दुरेल | दोलेली | धनपला | धनपानी | धादाली |
| धाद्रिली | नामजाली | निपुन | तिमीयाल | निबार |
| पचभैया | पचराई | पचाई | पचे | पज्मी |
| पत्नी | पन्ती | पबल | पल्ली | पहारी |
| पागन्य | पागमी | पाटा | पाडुले | पाथन्या |
| पाथरया | पार्थ | पाल | पालुङ्गो | पिताकोटी |
| पुआरी | पुलामी | पुलामी झिउँ | पुलामी बगाले | पुलामी सुन |
| पुवर | पुवार | पुसाल | पेग्मी | पोक्षी |
| पोचुन | पोत्री | पोवान | फाल | फियाली |

| | | | | |
|---|---|---|---|---|
| फेली | फेवाली | फ्याली | वंशी | बकाबक |
| बकाबल | बगाले | बगाले आठघरे | बगाले दर्लामी | बगाले पालुङ्गी |
| बगाले साठीघरे | बछाले | बछुन | बटकुमारी | बढ |
| बढी | बयम्बू | बयान्सी | बरकवागी | बरकुमारी |
| बराउमूली | बराथरी | बराल | बरोल | बलाल |
| बर्खवान्री | बर्दगाहा | बस्न्यात | बाँचे | बाओला |
| बाचिया | बाचियो | बाङ्लिङ | बाछाली | बामचा |
| बामचाकी | बामयाली | बारकँवारी | बारकाटी | बारदे |
| बासी | बान्हघरे | बाह्रपन्थी | बियाङ्मी | बुचा |
| बुढाथोकी | बुलाल | बेधासी | बेन्कबारल | बैगालिया |
| बैलिक | बोहरा | बौला | ब्याङ्नासी | ब्लाङपानी |
| भंडारी | भण्डारी | भनम् | भराई | भसली |
| भर्सेली | भात | भिरम | भुसाल | भोमरेल |
| मखरानी | मरुन्या | मसरङ्गी | मसाङ्गी | माकिम |
| माफिम | मारु | मार्की | मार्जा | मार्तु |
| मार्पाक | मास्की | मेदुन | मेरसी | मोग्मी |
| मोर्साइ | याङ्गदी | यान्दी बनरकी | याहायो | रकस |
| रकासे | रगल | रजगाहा | रदी | रन |
| रहारी | राई | राकाकोटी | राकाटकारी | रागु |
| राज | राजगी | रामजाली | राया | रिग्येल |
| रिजापति | रिजाल | रिजाली | रिन्जाली | रिमाल |
| रिलामी | रुचाल | रुन्तीजा | रुन्लीज | रेक्रिम |
| रेघामी | रेङ्मी | रेशमी | रोकाहा | लंकाङ |
| लतरी | लम्तरी | लर्नाचय | लामछाकी | लामटानी |
| लामिछाने | लाया | लुगेली | लुङ्गेली | लुम्ची |
| लुम्छ्या | वान्सीनकोटी | सटाकसरी | सतकसिरी | सनारी |
| सपलेग | सपलेङ्गी | समाल | समाली | सम्मानी |
| सरङ्गी | सरतङ्गी | सराकसारी | सराकोटी | सराङ्कोटी |
| सरानी | सर्टङ्ती | सर्तिआ | सर्तु | सर्तुगी |

| | | | | |
|---|---|---|---|---|
| सवा | साइ | साङ्गमी | साठीघरे | साति |
| सापकोटा | सापकोटे | साम | सामी | सारु |
| सारु गोरा | सारु जमर बुक | सारु झेंडी | सारु पनेती | सारु मेलिङ्गिया |
| सिक | सिंजापति | सिंजाली | सिनी | सिम |
| सिमस्य | सिराली | सिरीस | सिर्निया | सिर्ने |
| सिसिरा | सुइयल | सुङ्गरपा | सुतपराई | सुतपहरे |
| सुथी | सुथे | सुनखरी | सुनपति | सुनहरि |
| सुनारी | सुनेल | सुमाइ | सुयाल | सुरङ्गी |
| सुर्पाक | सुसलिङ | सूर्यवंशी | सेरी | सोठी |
| सोती | सोम | सोमस्या | सोमै | सोवाठी |
| स्माला | स्योजसी | स्वास्मी | स्हास्मी | हकोचा |
| हाताकी | हिरन | हिरु | हिस्की | हुजिङ्ग |
| हुनचुङ | हुरुन्च्या | होरन | होस्की | होस्लामी |
| ल्हागुचे | ल्हायो | ल्होप्पा | ल्होल्हो | ह्यागुचा |
| ह्वायो | | | | |

**छ) रोका मगर**

| | | | | |
|---|---|---|---|---|
| उलुङ्गे | ठिनी | पहराई | बझांगी | बारङ्गी |
| बैजाली | रमजाली | रामजाली | रोकाया | रोङ्खामी |

*स्रोतः पुन समुदायको संस्कार-संस्कृतिः विगत र वर्तमान, हर्कबहादुर पहरे पुन*

**पुन जातिका थर र उपथर**

कुनै पनि जातिको थर र उपथर तिनीहरुको मूल पुरुष, स्थान, कार्य, गुण आदिको आधारमा राखेको पाइन्छ । मगर जातिका थर र उपथरहरु पनि उनीहरुको कार्य, मूल पुरुष र स्थानका आधारमा राखिएको पाइन्छ । भुजी खोलामा बसोबास गर्ने मगरहरुलाई भुजेल मगर, रणक्षेत्रमा दक्ष मगरहरुलाई राणा मगर भनिएको पाइन्छ ( बराल, २०३८:१७) । मगरहरुको थरभित्र सयौं उपथर, उपथरभित्र धेरै खलक, खलकभित्र पनि धेरै वंश र गोत्रहरु रहेका छन् । मगरहरुको गोत्र प्रायः गरेर ब्राम्हणसँग मिल्दछ (श्रीस, २०३८:२७) । उत्तरी भेकका मगरहरुले आफ्नो गोत्रको सट्टा कूल बताउने र कूललाई आफ्नो थर मानेको पाइन्छ । कूल नै मगर जातिको थरको मूल पुरुष हो ।

## पुनमगरभित्र जातीय स्तरीकरण

